
ISSN 2362-129X

# नवप्रज्ञापन



पाइला ३२ औं वर्षमा

१०५

**नेपाल बाहिरका नेपाली कविता : दोस्रो भाग**

# हार्दिक बधाई



बारा जिल्लाको जितपुर–सिमरा उपमहानगरपालिका वडा नं १६ स्वाभिमानबस्ती, निवासी **गणेशराज रिजाल** पत्रकारिता र किसानी दुवै कर्ममा सक्रिय हुनुहुन्छ । नेपाल पत्रकार महासङ्घ बाराका पूर्व सचिव तथा नेपाल प्रेस युनियन बाराका संस्थापक अध्यक्षसमेत रहनुभएका उहाँ वर्तमानमा नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य हुनुहुन्छ । काठमाडौँबाट प्रकाशित हुने 'साप्ताहिक आवाज'बाट खेलकुद पत्रकारका रूपमा पत्रकारिता सुरू गर्नुभएका रिजाल बारा जिल्लाबाट प्रकाशित हुने 'स्वावलम्बी साप्ताहिक' को संस्थापक सम्पादक/प्रकाशक हुनुहुन्थ्यो । साढे दुइ दशकदेखि पत्रिकासँग जोडिएर यस पत्रिकाको उपसम्पादकका रूपमा कार्य गरिरहनु भएका उहाँ यही अङ्कदेखि विशिष्ट सदस्य बन्नु भएको छ । पत्रिकाको निरन्तरताको लागि विशेष चासो राख्दै विशिष्ट सदस्य बन्नु भएकामा नवप्रज्ञापन परिवार यहाँको उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

# नवप्रज्ञापन

पूर्णाङ्क : १०५, साउन–असोज २०८१

(प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार २०७७ द्वारा पुरस्कृत)



**सम्पादक/प्रकाशक**

नवराज रिजाल

**अतिथि सम्पादक**

शरद प्रधान

**सह-सम्पादक**

प्रमोद पाण्डे

**उप-सम्पादक**

बाबुराम लम्साल

गणेशराज रिजाल

**आवरण**

रामकृष्ण भण्डारी

**लेआउट**

डीएन्डडी कम्प्युटर

बागबजार

**मुद्रण**

लक्ष्मी गणेश प्रेस

बागबजार, काठमाडौं

**सहयात्री**

राममणि दुवाडी

वासुदेव अधिकारी

प्रा.डा. ध्रुवकुमार घिमिरे

डा. विश्वम्बरकुमार शर्मा

गोपाल अश्क

राममणि ढुंगेल

वसन्त रिजाल

विनयराज गौतम

रामप्रसाद अधिकारी

भवानी तावा

देवकरण माझी

जनार्दन खनाल

गोपाल फ्युबा

के.बि. सिम्पल

टीकाराम उदासी

रामचन्द्र नेपाल

बद्रीप्रसाद ढकाल

डा. छायादत्त न्यौपाने

डा.पुष्करराज भट्ट

डा. रमेश शुभेच्छु

गगनदीप सर्व

उमेश रिमाल



मूल्य : १००/-



कार्यालय: स्वाभिमानवस्ती जीतपुर-सिमरा उपमहानगरपालिका-१६, बारा, मधेस प्रदेश, नेपाल

सम्पर्क : ९८५११३८६२४ (काठमाडौं), ९८५५०२४९५५ (बारा)

e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

## नवप्रज्ञापन सभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर, ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, मकवानपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. रवीन्द्र रिजाल, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ, १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौँ १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ, २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा, ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर, ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ, ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाई, धादिङ ४६. रमेश समर्थन, रुपन्देही, ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौँ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर, ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६४. कृष्ण, खड्का, धादिङ ६५. प्रदीप प्रधान, रुपन्देही ६६. रश्मि असफल, झापा, ६७. समीर पाख्रिन, मकवानपुर ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. डा. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ७९. समन श्रेष्ठ, काठमाडौँ, ८०.गोपाल बराल काठमाडौं, ८१.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८२.आरएम डंगोल नुवाकोट,८३. गोपाल अश्क, पर्सा, ८४. दिनेश गुप्ता पर्सा, ८५. हरिदेव खरेल बारा, ८६. हिर्दयनारायण चौधरी बारा, ८७. नवराज पुडासैनी, काठमाडौँ, ८८. डा. धनप्रसाद सुवेदी, खोटाङ, ८९. राममणि ढुंगेल, भक्तपुर, ९०. अमरकुमार प्रधान, दोलखा, ९१. जंगबहादुर यादव, बारा, ९२. सुदिपराज रिजाल, बारा, ९३. वसन्त रिजाल, काठमाडौँ, ९४.राधेश्याम सिवाकोटी, बारा, ९५. कलाधर काफ्ले, कास्की, ९६. हरिदत्त पाण्डेय, बैतडी, ९७. प्रतीक्षा रिजाल, बारा, ९८. शीतल गिरी रौतहट, ९९. इशहाक हुसेन, बारा, १००. श्याम रिमाल, नुवाकोट, १०१. सानुराजा अन्जान, काठमाडौं, १०२. रमेश कडेल, धादिङ, १०३. बलराम ढुंगाना, धादिङ, १०४. मुना काफ्ले सिन्धुली, १०५.डा. यादेवी ढकाल, खोटाङ, १०६. रामबहादुर पहाडी, काठमाडौँ, १०७. कमल अधिकारी, काभ्रे, १०८. जीवनाथ ढकाल, धादिङ ।

**सम्पादकीय**

# कविता जस्तै कविताहरू

*हो ! म नेपाली बस् नेपाली !*
*नेपालको भूमिमा जन्मने*
*भाग्य मसँग नभए पनि*
*नेपालको नागरिकता मसँग नभए पनि*
*मलाई नेपाली होइन कसैले भन्न मिल्दैन ।*

माथि उल्लिखित कवितांश यही अङ्कमा समेटिएका **याँगौं, म्यान्मानिवासी कवि लक्ष्मण न्यौपा**नेको कविताबाट साभार गरिएका हुन् । यो कविता पूरा पढेपछि कवि न्यौपानेको मनभित्र नेपाली पहिचानको भोक र सांस्कृतिक चेत कति उच्चस्तरमा रहेछ, त्यसको पुष्टि हुन्छ । नेपाल देश कवि न्यौपानेको पितृभूमि हो र उनका पितापुर्खा यहाँबाट बसाइँ सरेर म्यान्मा पुगेका थिए । उनी उतै बसोबास गरिरहेका तथा त्यहीँका नागरिक समेत भइसकेका छन् । तर मनमा पितापुर्खाको देश नेपाल र नेपाली जातिय पहिचान, परम्परा, प्रचलन, भाषा, साहित्य, कला र संस्कृतिप्रति अगाध माया, ममता, स्नेह, श्रद्धा र प्रेमभाव छ । कवितामा आफूले नेपाली नागरिकताको दावी नगर्ने तर संस्कृतिमा आफ्नो पनि हकदावी रहने कुरा प्रस्तुत गरेका छन् । उनको दावीमा **नवप्रज्ञापन**को शतप्रतिशत समर्थन छ ।

XXX

हामी नेपाली हौं, यसर्थ नेपाल देश, नेपाली जाति, नेपाली राष्ट्रियता, नेपाली भाषा, साहित्य र संस्कृतिको जगेर्नामा आफ्नो हैसियतले भ्याएसम्म काम गर्नु सबैको नैतिक उत्तरदायित्व हो । यो उत्तरदायित्वबाट कुनै पनि जिम्मेवार नागरिक पछि हट्न सक्दैनन् । सबैले सबै काम समान रूपमा गर्न नसक्ने भएकाले औकात र हैसियतका कुरा सतहमा आएका हुन् । आफ्ना लागि त सबैले गर्छन् र गरिरहेका पनि छन् । हामी मानिसले मात्र हैन चराचुरूङ्गी, जीवजन्तु तथा बोटविरूवाले पनि गर्छन् । हाम्रा परम्परा, प्रचलन, प्रथा, भाषा, साहित्य, कला र संस्कृतिको उन्नयनमा काम गर्नु पनि समग्र नेपाल देशको पक्षमा काम गर्नु हो । यो प्रकृतिका कामहरू हामीले के गर्‍यौं, कति गर्‍यौं र कसरी गर्‍यौं आफूले आफ्नै मूल्याङ्कन गर्ने समय आएको छ ।

XXX

आजका दिनसम्म आइपुग्दा नेपाली जाति र भाषाको बिस्तार संसारभर भएको छ । जहाँ नेपाली पुगे त्यहीँ नेपाली भाषा पुग्यो, साहित्य लेखियो र लेखन यात्रा अझ बाक्लियो । युरोप अमेरिका भन्दा पहिला नेपालीहरू भारत, भूटान, म्यान्मा र थाइल्याण्ड जस्ता देशमा पुगे । अहिले पनि ती देशमा थुप्रै नेपाली बसोबास गरिरहेका छन् । नेपाली भाषा, साहित्य र संस्कृतिको उन्नयनमा नेपाल बाहिर बसोबास गरिरहेका नेपालीहरूको विशिष्ट योगदान रहेको छ । भारतका विभिन्न स्थानहरूका साथ विशेष

गरी दार्जिलिङ र सुधपालाई त झन् बिर्सन सकिँदैन । उनीहरूलाई बिर्सनु उनीहरूको योगदानको मूल्याङ्कन गर्न नसक्नु हो ।


xxx

हामी केवल हामीमात्र पढिरहेका छौँ । हाम्रा भोगाइ, आस्था र विश्वास मात्र पढिरहेका छौँ । हाम्रा दृष्टिकोण र जीवनधारा मात्र पढिरहेका छौँ । नेपालबाहिरका नेपाली भन्नाले युरोप अमेरिका पुगेका नेपाली भनेर अलि बढी बुझिरहेका छौँ । पक्कै हो, उता पुगेकाहरू पनि नेपाली हुन् तर यस अङ्कमा समेटिएका कविता त्यताका नभएर भारत, म्यान्मा र थाइल्याण्डमा पुस्तौँदेखि बसोबास गरिरहेका र त्यहीँका स्थायी बासिन्दा भइसकेका नेपालीहरूका हुन् । यसो भनौँ ती नेपाली मूलका तर ती ती देशका नागरिक हुन् । यद्यपि ती नेपाल देशलाई अति सम्मानको आँखाले हेर्छन् । नेपाली भाषा बोल्छन् । नेपाली साहित्य गीत सङ्गीत संस्कृति मन पराउँछन् र हृदयले अनुकरण गर्छन् । नेपाली भाषामै विचार, दृष्टिकोण, भावनाका आरोह–अवरोह व्यक्त गर्छन् ।

तिनीहरूका कविताका भाव के कस्ता छन्, विचार सम्प्रेषण कसरी भएको छ, विम्ब कस्ता आएका छन्, भाषाप्रतिको चिन्तन के छ, नेपाल देश र नेपाली भाषाप्रतिको दृष्टिकोणमा के विविधता छ, जीवन भोगाइका श्रृङ्खला कुन गतिमा छन्, विश्वासको तरङ्ग कस्तो रफ्तारमा छ यस्ता कुरा खोजेर आम नेपाली पाठक माझ पस्कनु पर्छ, **नवप्रज्ञापन** यही सोचमा थियो । सोचको क्रममै भारतका विभिन्न स्थानमा बसोबास गरिरहेका नेपालीका कविता समेटेर यसको १०३ औँ अङ्क प्रकाशित भएको हो । सो अङ्कभित्र ४४ थान कविता थिए र **नेपालबाहिरका नेपाली कविता पहिलो भाग** नामकरण गरिएको थियो ।

यो त्यही श्रृङ्खलाको दोस्रो भाग हो । यसमा भारतका ४९ र म्यान्मा तथा थाइल्याण्डका १४ गरी ६३ थान नेपाली भाषाका कविता छन् । ती कविता कस्ता होलान्, तपाईका मनमा जिज्ञासा हुन सक्छ । अनि भन्छु कविता साँच्चै कविता जस्तै छन् । अर्थात् यी कविताहरूमा नेपालप्रति माया र सम्मानका साथ नेपाली भाषा, साहित्य र संस्कृतिप्रति आदर सम्मान छ । जहाँ बसे पनि नेपाली पन, नेपाली संस्कृति, नेपाली विश्वास र मानवता भूल्न पटक्कै सकेका छैनन् । नेपाली जाति जहाँसुकै बसे पनि आफू र आफ्नो पनलाई कहिल्यै भूल्न सक्दैनन् भन्ने यो ज्वलन्त प्रमाण हो ।

अन्त्यमा नवप्रज्ञापनको **नेपाल बाहिरका नेपाली कविता पहिलो र दोस्रो दुवै भाग** प्रकाशनका क्रममा समग्र रचना सङ्कलनमा हौसला र उत्साह प्रदान गर्नुहुने आदरणीय साहित्यकार शरद प्रधानप्रति आभारी छु । थाइल्याण्ड/म्यान्मा खण्डको रचना उपलब्ध गराउनु हुने भाषासेवी तैं तैं धितालालाई विशेष धन्यवाद दिन चाहन्छु । अनि कवि लक्ष्मण न्यौपानेको भावलाई सलाम गर्दै पुन भन्न चाहन्छु नेपाली भाषा साहित्य र संस्कृतिलाई माया गर्ने तपाई जहाँ रहनु भएको भए पनि नेपाली नै हुनुहुन्छ । म तपाईंको भावलाई सलाम गर्छु । इति ।



# हार्दिक बधाई



**माया ठकुरी**

**माया ठकुरी** नेपाली साहित्य आकाशमा वरिष्ठ आख्यानकारको रुपमा परिचित हुनुहुन्छ । नजुरेको जोडी (२०३०), गमलाको फूल (२०३३), साँघु तरेपछि (२०३९), चौतारो साक्षी छ (२०४६), माया ठकुरीका कथाहरू (२०४८), इन्द्रधनुष (२०६१), आमा ! जानुहोस् (२०६४) र प्रियंवदा (२०६९) उहाँका प्रमुख प्रकाशित कथा कृति हुन् । हिजो उहाँकै विशेष निर्देशनमा नवप्रज्ञापनले आजीवन सदस्यता प्रारम्भ गरेको थियो । आजफेरि उहाँकै सदीक्षाबमोजिम विशिष्ट सदस्य बनाउन प्रारम्भ गरिएको छ । अनि उहाँ नै पहिलो **विशिष्ट सदस्य** बन्नु पनि भएको छ । यति धेरै माया गरी विशिष्ट सदस्य बनिदिनु भएकामा **नवप्रज्ञापन परिवार** यहाँको उत्तरोत्तर प्रगतिको निम्ति हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

# हार्दिक बधाई



**प्रतीत रिजाल**

बारा जिल्लाको जितपुर–सिमरा उपमहानगरपालिका वडा नं १६, स्वाभिमाबस्ती निवासी **प्रतीत रिजाल** पेशाले चिकित्सक हुनुहुन्छ । भाषा साहित्यलाई अत्यन्तै श्रद्धा गर्नुहुने उहाँका पत्र–पत्रिकामा केही फुटकर रचना प्रकाशित छन् । उहाँ यही अङ्कदेखि यस पत्रिकाको विशिष्ट सदस्य बन्नु भएको छ । पत्रिकाको निरन्तरताको लागि विशेष चासो राखेर **विशिष्ट सदस्य** बन्नु भएकामा **नवप्रज्ञापन परिवार** यहाँको उत्तरोत्तर प्रगतिको निम्ति हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

# हार्दिक बधाई



**शिवकुमार धिताल**
९८५११०९०२८, ९८४१८०९०२८

धादिङ जिल्लाको धुनिबेसी नगरपालिका वडा नं १, हात्तीगौँडा निवासी **शिवकुमार धिताल** इन्द्रचोक काठमाडौँमा **पुरानो राष्ट्रिय दौरा सुरुवाल टेलर्स**का सञ्चालक हुनुहुन्छ । आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातकोत्तर गर्नुभएका धिताल रोजगारीको सिलसिलामा केही समय साउदी अरब समेत बस्नु भएको थियो । अहिले उहाँ मन लगाएर काम गरे यहीँ राम्रो कमाई र इज्ज्जत हुँदोरहेछ भन्ने विश्वासमा पुग्नु भएको छ । नेपाली साहित्यमा अभिरूचि राख्नुहुने धिताल यसै अङ्कदेखि **विशिष्ट सदस्य** बन्नुभएको छ । पत्रिकाको निरन्तरताको लागि विशेष चासो राखेर विशिष्ट सदस्य बन्नु भएकामा **नवप्रज्ञापन परिवार** यहाँको उत्तरोत्तर प्रगतिको निम्ति हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछ ।

# रचनाक्रम


– अजम प्रधान/९
– अजित वियोगी/११
– अर्जुन शर्मा निरौला/११
– अनन्त श्रेष्ठ/१२
– अमरकृति राई/१३
– उद्धव गोपाल श्रेष्ठ/१५
– उदय थुलुङ/१६
– ओकिउयामा ग्वाइन /१६
– कृष्ण प्रधान/१७
– गीताश्री शर्मा /१८
– जस योञ्जन 'प्यासी'/१९
– जीविका अश्रु/२०
– दलसिंह 'अकेला'/२१
– दीप प्रधान /२२
– डा. देवेन सापकोटा/२३
– नगेन्द्र 'गोर्खा'/२५
– नरबहादुर दाहाल/२६
– निर्दोषिका तामाङ/२६
– निलीमा आचार्य/२८
– नीता तामाङ/२९
– पुण्यप्रसाद शर्मा/३१
– पुरण गिरी/३२
– पूजा आचार्य/३३
– बहादुरसिंह बराल/३४
– भविलाल लामिछाने/३४
– मञ्जुला तामाङ सुब्बा /३६
– मिलन बान्तवा/३७
– मोहन सुवेदी/३८
– युवा बराल 'अनन्त'/३९
– रचना 'अनाकार'/४१
– रवि रोदन/४२
– राजु 'हिमांशु'/४४
– राहुल राई 'बोगिको'/४५
– रोशन राई 'चोट'/४६
– डा.लक्खीदेवी सुन्दास/४७
– लक्ष्मी 'मिनु'/४८
– विमल खतिवडा 'माइला'/४९
– सङ्गम 'सुधा'/४९
– सावित्री सिंह (सुन्दास)/५०
– सी. के. श्रेष्ठ/५०
– सुकराज दियाली/५१
– सुदर्शन तामाङ/५२
– सुधा एम. राइ/५३
– सुमित्रा थामी 'अविरल'/५४
– सुचन/५४
– शारदा स्टेफी/५५
– हरिप्रसाद 'गोर्खा' राई /५६
– अशोक घिमिरे/५८
– कुसुम गौतम/५९
– चन्द्रा पोखरेल/६०
– टेकनारायण रिमाल 'कौशिक'/६०
– तिलक पोखरेल/६१
– दिपा राना/६२
– निर्मला पोखरेल/६२
– भीम पाण्डे/६३
– मधुसुदन भट्टराइ/६३
– मोहनराज खनाल/६४
– रामप्रसाद अर्याल/६५
– लक्ष्मण न्यौपाने/६६
– वन्दना गौतम /६७
– विष्णु पन्थी/६८


## बजारमा नयाँ पुस्तक


– संयोजक प्रतीक्षा रिजाल/६९

# अर्कै विकल्प खोज्नपर्छ



– अजम प्रधान

शरद ऋतुको शितल र शान्त वातावरणमा
हरिया पहाडका थुम्का थुम्की हेरेर
देश विदेशबाट आएका पर्यटकहरू
खुशीले गदगद भई हाँसिरहेको बेला
हरिया चियाको गाँछ गाँछमा हाम्रा
साइली माइली धने बिरे र अरू धेरै
चिया श्रमिकहरू आफ्नो पसिना बैँच्दै
अनि दशै तिहारमा रमाइलो गर्ने
सुन्दर  सुनौला सपनाहरू बुन्दै
मेलौ मेलौमा हरिया सुन टिपिरहेका बेला
पटक पटक आफ्नौ अधिकारको हिस्सा
पुजा बोनसको बैठकमा बोनस नमिलेको समाचारले
भित्र भित्रै मन डडेलो लागेर राख हुन खोज्छ
बर्षे पछिको हुने मालिक र युनियनहरूका
पुजा बोनस सम्बन्धि नाटकबाजीको खिचातानीले
निमुखा श्रमिकहरूको छोराछोरीहरूका रहरहरू
त्यसै त्यसै आँश्रु धाराहरूसंगै बगेर जाँदा
असाह्य श्रमिक आमाको ह्रदयभित्र भित्रै रोइरहन्छ
तरै पनि अर्काको अधिनमा काम गर्ने वानी परेकाले होला
शोषण, अत्यचार र दमन सहेर हरिया सुन टिपिनै रहन्छ
हाम्रा साइली माइली धने बिरे र हाम्रा दिदीबहिनीहरू
फस्ट फ्लसको सुगन्धित र फ्लेभरयुक्त अर्थोडक्स चिया
सेकेण्ड फ्लसको मुनलाइट,गोल्डन टि,ग्रीन टिले
विश्व बजारमा रेकर्ड मूल्य पाएर मालिक हाँसे तापनि
श्रमिकहरूलाई दिनुपर्ने पुजा बोनसमा सँधै तमाशा गरेर
जहिले पनि यसपाली नोक्सान छ भन्ने बहाना गरेर
घरि निम्नतम् दरमा बोनस दिने कुरा अडिग रही
श्रमिकहरूको मौलिक अधिकारलाई हनन गरिरहन्छन् भने
कहिले कहीँ निमुखा श्रमिकहरूलाई विचल्लीमा पारेर

चाडबाडको मुखैमा चिया मालिकहरूका नोकरशाहहरू
कमानको कारखाना र कार्यालयमा भोटे लाल्चा झुण्ड्याएर
सुइकुच्चाँ ठोक्न खप्पिस छन् श्रमिक शोषक किटाणुहरू
यसरी श्रमिकलाई शोषण र दमन गर्न खोजिरहने
मालिकवर्गको सोचलाई कसरी बद्लाउन सकिन्छ भन्ने
जिज्ञासाले मनभित्र क्रान्तिको आँधी चलिरहन्छ आजकल
यदि मैले सोचे जस्तो हुदो हो त !
म ती चियाबारीका निमुखा श्रमिकहरूको निम्ति सँधै
ओठँमा हाँसो र नाकबाट शान्तिको श्वास फेराइदिन्थे
उनीहरूको खुन र पसिनाको सही मुल्यांकन गरि
सँधै उनीहरूको आङमा सुखको न्यानो घाम लगाईदिन्थे
तर ......., मैले सोचे जस्तो कहाँ हुन्छ र
यहाँ त चियाबारीमा मुनाफाखोरी मालिकको
अत्याचार, शोषण र दमन सहन्दै सँधैभरि
आफ्नो खुन र पसिनाको सठिक मूल्य नपाउँदा
घरि आफ्नो हाँजिराको निम्ति हडताल गर्नुपर्छ,
दशैंमा सबै रमाइरहेको बेला आफ्नो अधिकारको निम्ति
सडकमा जिन्दाबाद र मुर्दाबादको नारा लगाउन पर्छ
कस्तो बाध्यतामा बाँच्नु परेका छ चियाबारीका श्रमिकहरू
सँधै सँधै दिशाहिन र अनिश्चित समयसंग जुझ्दै
चियाबारीमा उहिलेदेखि अहिलेसम्म
हैट ! सबैभन्दा विवेकशील प्राणी भएरपनि
कति पिसिन्छौ मुक अन्नका दानाहरू जस्तै जाँतोमा
पर देखिन्दैछ क्षितिजमा उन्मुक्ति खुल्ला ढोका
जाउँ त्यहीनेर गएर उन्मुक्त हाँसो हाँस्नलाई
समग्र श्रमिकहरू एक भएर क्रान्तिको आवाज बुलन्द गरौ
अनि ......त्यसपछि.......
साथमा साथ, काँधमा काँध र हातमा हात मिलाएर
सबैले एकै स्वरमा ठुलो गर्जनसाथ घोषणा गर्नपर्छ
अब शोषण, अत्याचार र दमन ज्यादा भयो,
तयार हौ सबै निमुखा श्रमिकहरू एक भई
अब चियाबारी होइन
अर्कै विकल्प खोज्नु पर्छ, अर्कै विकल्प खोज्नुपर्छ

*(मिरिक, दार्जीलिङ)*

# म त्यहीँ छोडिएँ छु



– अजित वियोगी

जुन दोबाटोमा
अस्वीकारका केही उद्गार
सबै सामु हजुरले सुनाएर
छुटिजानुभएको थियो
म त्यहीँ छोडिएँ छु
आफ्नै प्रतिध्वनिहरूसितको एकोऱ्याइँमा
जुन माटोमा उभिएर
निर्दयतासित किचिमिचि बनाएर
फ्याँकिजानुभएको थियो हजुरले
एउटा प्रस्ताव, म त्यहीँ छोडिएँ छु
आफ्नै हातमा सम्हालिएका पत्करहरूमा
सँगै देखिहाल्ला कि कसैले भनेर
अनुरोधमा समातिएका मेरा औँलाहरू
झट्काएर हजुर हत्तारमा
टाढिजानुभएको थियो
म त्यहीँ छोडिएँ छु
आफ्नै साथका हतासहरूमा ।

त्यही दिनदेखि यहाँ
कतिकति दिनहरू अँध्यारिए
कतिकति रातहरू उज्यालिए
म त्यहीँ छोडिएँ छु
आफ्नै जिन्दगीको घोत्लाइँहरूमा ।
कारण त्यहीँ दोबाटोमा नै छ मेरो मन
त्यहीँ माटोमा नै छ मेरो माया
मन र मायाविहीन म यहाँ
म हुन नपाएर अरूअरू नै छु
म हुन नपाएर अर्कैअर्कै नै छु
वास्तवमै म त्यहीँ छोडिएँ छु

*(दार्जीलिङ)*

# बिहान



– अर्जुन शर्मा निरौला

पृथ्वीमा झुकझुके उज्यालो नखस्दै
गाउँछिन् उनी
तन्द्राबाट बिउँझाउँछिन्
रमाउँछु नित्य उनीसितै
सुन्छु सुरिलो सुमधुर चिरबिर
हिउँदको रात उसै चिसो
टाउको मात्र बाहिर निकाल्छु सिरकबाट
पारी भीर गाउककमा भाले बास्यो कुकुरी काँ ऽऽऽऽ
ब्वाऽऽऽगरी माली गाई कराइन बाछो खोजी

ख्याङ ऽऽऽख्याङऽऽऽ गरी पाङग्रे कुकुर दगुऱ्यो
झ्यालबाट मधुरो प्रकाश छिऱ्यौ, ज्योती झऱ्यो पृथ्वीमा
तपतप शीत चुहुनुथाल्यो छानोबाट
बाफ आउँन लागे घुऱ्यानबाट
खोलो स्वाऽऽऽ गरी बगिरहेछ
माथी डाँडोमा कलिलो सूर्य देखापरे
गाउन छोडिन् उनी, भूर्र भूर्र-भूर्र उड्न लागिन
चराचरीहरू, पक्षीहरू कति अनुशासित??
समयानुकुल ढाल्छन् आफैँलाई
खोलो, खोल्चोहरू कहिले थाक्दैनन्
पुस्तक भन्दा प्रकृति पढेर रमाउँनू मनपर्छ
चराचुरूङ्गीहरूसँगै नाच्न, गाउँन मनपर्छ
दुहुना गाईको भाषा बुझ्न मनपर्छ
कुखुराको भाले सरह पखेटा फिजाउँन मनपर्छ
मान्छे भन्दा अधिक पशु-प्राणी मन पर्छ
चोला फेर्न मिल्नेभए
आफू पशु हुन मनपर्छ ॥

*(गीतखोला, कालेबुङ)*

# टिस्टासँग



– **अनन्त श्रेष्ठ**

हिमनदी उर्लेरसिमसार उम्रेर
झर्ना झरेररंगीत मिलेर
सदियौंदेखि बगिरहनेए टिस्टा !
तिम्रो शालीनता/धैर्य/प्रतिबद्धताको पाठ
हाम्रो मान्छेलाई सुनाइदिनू
ताकि सगरमाथा सम्झेर हिँडेको त्यो यात्रा
नथामिऊन् त्यसरीजसरी पटक-पटक
गन्तव्य नपुगी थामिएको हो
विश्वासघातको पदचाप
र, निर्माण भएको हो
खण्डित-खण्डित आलिशानहरू
र, इच्छाका गुड्डीहरू उड़ाएर आकाशमा

बेलगाम धागाहरू छोडेको हो
ठिक त्यहींदेखि यहाँबाट
गणतन्त्र निर्वासित भएको हो
लक्ष्य पुग्ने यात्रा थालेर
युगौंदेखि बगिरहनेए टिस्टा !
हाम्रो मान्छेलाई यो सम्झाइदिनू
ताकियो किनाराकृत जनवस्ती
सगरमाथाको सपना ओड़ेर
अद्यापि त्यहींनेर उभिएको छ
जहाँबाट आरम्भको यात्रा थालिएको थियो ।
अहिले युगौंपारिबजिरहेछ पश्चतापगामी
उदासीनताका बिनायो र मुर्चुङ्गाहरू

*(डुवर्स)*



# मरूभूमीका नीलकण्ठहरूलाई

**– अमरकृति राई**

किनाराहरू टुक्राटुक्रा भएका छन् अचेल
किनारा खोलाको अँगालोमा बाँधिएर सीमित छैन
वर्तमानबाट अहिल्यै हिंड्न थाले पनि
भविष्यसम्म पग्दा–नपुग्दा
बाँच्छन् कि बाँच्दैनन् पनि युगौंहरू
अहिले किनाराको थर्मोमिटर फुटेर
मरक्युरी छताछुल्ल भएको छ
त्यसैले यहाँ सर्वत्र मरूभूमि छाएको छ
बगरभरि चरिरहेका गाई भेडाहरू जस्तै
किनाराले पनि तनतन पिइबस्थ्यो खोलाको पानी
ढुङ्गाको नसा नसासम्म पुग्नेगरी
अहिले ढुङ्गा घाँटी सुकेर बोल्न नसकेको बेला
मृगतृष्णामा मज्जाले पौडी खेलिरहेछन् आँखाहरू
"मृगतृष्णाको कुरा किन गर्नु ?"
नलेख् लाटा यस्ता कुराहरू
हेलिकप्टरमा उड्नपर्छ हामी ल !
तँ सिप आफ डि डेजार्ट चड्न नखोज न !

लगाइदे तिनीहरूलाई गिद्धहरूको जिम्मा
र पर्खंदै गर
म तँलाई हेलिकप्टरको पङ्खामा बसाएर
डुलाउने छु वन्डरल्याण्ड
यसरी सम्झाउँछ मलाई विकासवादको
अवसरवादी ठेकेदार
म पागलको अभिनय गर्छु एकक्षण र भन्छु
मैले त त्यसै भनिदिएको पो हो मरूभूमि
मैले त्यसै भनिदिएको पनि होइन मरूभूमि
यस धरतीको जन्मसिद्ध अधिकार होइन रूखोपन
त्यसैले बेलाबखत क्याक्टसले पनि फुलिदिन्छ फुल
खोलाले बाटो पेरेको छ नि त !
विस्मयकारी घटना घटिबस्छ बगरमा
फकाई फुस्लाइ खोलाको बाटो घुमाइदिनेहरूले नै
बगरभरि भुइँफुटुवाहरू नचाएर
रक्सी छर्कंदै फुटाउन खोजिबस्छ पानीको मूल
ढुङ्गाले मुन्दुम बुझे पो थाहा पाउँछ
पानी बोलाएको हो कि आफूलाई भुलाएको हो
बास्ने भालेको मुन्टो चुँडाएर
चारै दिशा रगत छर्कन्छ झाँक्री
एक एक थोपा रगत पिएर
एक दिनको देवता हुनपाउँदा
किन नरमाउन् त ढुङ्गाहरू ?
त्यसै चुहेका होइनन् पौराणिक कथाहरूको लिङ्गबाट
अवैध वीर्य भएर देवताहरू
देवताको स्वाभिमानलाई यहाँ
कुखुराको हड्डीले कर्यामकुरूम चबाएर निलिदिन्छ
देवता भनेभो ढुङ्गा हो
र ढुङ्गा ढुङ्गा सिवाय अरू केही होइन
भन्न पनि हुन्न,
म स्टोन एजको बाटो हिंडेरै आएको मान्छे
यहाँ एक एक ढुङ्गामा बुढानिलकण्ठ निदाएको छ
यो मरूभूमि रणभूमि हो तर कोदो, मार्चा र अक्षताले
अब बिउँझन मान्दैनन् बुढानिलकण्ठ

वैज्ञानिकको गिदी र राजनीतिज्ञको जिब्रो भुटेर ब्राण्डीसँग
टर्क्याउनुपर्ला उनलाई
तब उनी बिउँझेलान्
र फेरि आवाद बन्ला मरूभूमि
यहाँ भगिरथको तपस्याले
गङ्गा उतार्नु परेको छैन
निरन्तर एउटा सानो खोलो बगिदिए पुग्ला
यहाँ कङ्क्रिटको गर्भगृहमा
विश्वनाथ र जगन्नाथलाई आस्थाको चौकिदार
उभ्याउनु छैन बस्
यहाँ हिरोसिमा र नागासाकीको जस्तै
गिदी जिब्रो मिले पुग्छ

*(दार्जिलिङ)*

# सालाखाला जिन्दगी

(कवि हरिभक्त कटुवालको सम्झनामा)



– **उद्धव गोपाल श्रेष्ठ**

जति नै गुँडहरू बान्की परेर रूखमा
चरालाई सुन्दर लागोस् कि सुरक्षित
निद्राको सामर्थ्यले मात्र अर्थ दिएको हुन्छ
ठीक त्यसरी नै सपनाको मूल्यमा जिउनसक्छ
कविको एउटा सालाखाला जिन्दगी
आफ्नो हातको फैलावट जस्तै
उसको ठेगाना, हिमालको पल्लो छेउमा
थकानको एउटा नदी भएर बग्छ
घाउले डोऱ्याएको पीडासँगै
जब घामको डुङ्गा पौडिरहन्छ त्यहाँ
सुस्ताएको ऊर्जा बोकेर बिहानहरू
आँखा र पाखुरामा बाँच्न सिकाउँछ
कविको एउटा सालाखाला जिन्दगी
रक्सी पनि फूलजस्तै लाग्छ

बासनाको ऋतुहरू पनि मादक बन्छ
बतासले छोएको सौन्दर्य धर्मराउँछ
यसरी, शब्दहरूले समयको लय
स्पर्श गरोस् - नगरोस्
यति बिघ्न पन्छिएको अनुहार पनि
मान्छेको भीडमा मिसिन्दै
आफ्नो परिचयसँग हाँस्न सिकाउँछ
कविको एउटा सालाखाला जिन्दगी

*(रङ्गेली बजार, सिक्किम)*

# केशहरू



– **उदय थुलुङ**

टाउकाका केशहरू सल्बलाएको देखेर
हावा डरायो,
एउटा टोपीले थिचिएका यत्रा केशहरू
शान्त पृथ्वीजस्तो देखिने टाउकोमा
प्राचीन खेतबारीजस्तो यो केशबारी
यो पिढीसम्म अचम्भित छ हावा
बालासन खोलाजस्तो लामो सिउँदो
ओह्रालो बगिबस्छ टाउकोमा,
केशहरूको बिरोध छ
यसमा कुनै षड्यन्त्र छ,
केशको ऊँचाईलाई शक्त घृणा गर्ने टाउकोको
पक्कै कैँचीसित साँठगाँठ छ
धानका बोटजस्ता केशहरूलाई
खेतमै ढाल्न टाउकोले टोपी ओढ्छ
तर केशबारीमा सन्तोकले बसेका छन् यी केशहरू,
गाडिएका कुर्कुच्चाहरूका कारण
भूईंबाट नउखेलिने भएपछि खुशी छन् केशहरू,
गीतको लयमा जोडतोडले सुसेल्न थालेका छन्
हावाको गाँउतिर फर्केरकेशहरूले, अचेल
टोपीको विजोग हेर्नलाई ।

*(मङ्पु, दार्जीलिङ )*

# स्थान–च्यूत



– **ओकिउयामा ग्वाइन**

आकाशका परिधिबीच
आदिम पृथिवी रहिछ फैली
मृत्युदेखि मृत्यु-हीनसम्म
तर, ठाउँ मेरो छैन
स्थितिबीच उभिनका लागि
पदचिह्न भएर
वेदनाका विस्तारहरू
मोहमय विरागमा
अश्रुमय कुहिरोबीच
चियाउँदै रहेछन् बसी
निष्ठुर प्रहरी झैं,

मेरो यो जीवनको प्रखर-प्रवाह
रोक्छ भनी क्षणभर
थकित भई, म रोकी गएँ
रोकी जान्छ, विश्वको यो
दृष्टिहीन गन्तव्यहीन -
गौरव-विहीन गति, - म, अघिअघि,
तानेर लाँदैछु विश्व
आविष्कार-बिना केही अबुझ्नेर
मर्म-हीन माटाका निर्ममतादेखि
*(दार्जिलिङ)*

# मुसलधारे रगतवर्षा !!!!



– **कृष्ण प्रधान**

निलो आकाश ढाक्ने गरी
सेता काला परेवाहरू
पखेटा फैलाउँदैमाथि अझै माथि
निष्फिक्री विचरण गरिरहेछन्
कहिले ठुङाठुङ पनि गर्छन्
कहिले खेदाखेदा पनि गर्छन्
तर ती परेवाहरूले कहिल्यै
एकार्कामाझ आ-आफ्ना
जात सोध्दैनन् न ता जात नै खोज्छन्
उनीहरूता उड्रिहेछन् कि उड्रिहेछन्
उड्नमै व्यस्त
आकाश विचरण गर्नमै मस्त
ती सेता काला परेवाहरू ।
इतिहास साक्षी छ
हाम्रो घर-आँगनमा, जातपातको नाममा
कति रगत बगिसके त्यसको हिसाबकिताब छैन
अझ कति बग्लान् रगतको खोलो को'नि ?
केही ठेगान छैनफरक मात्रै जातको थियो
रगतको रङ्ग ता रातै थियो सबैको ।
हे ईष्ट देवता !आकाशमा विचरण गर्ने
ती परेवाहरूले पनि कथङ्कल
एकार्कामाआ-आफ्ना जात सोध्दा हुन्
वा जातपातका कुरा गर्दा हुन्
त्यतिबेला, माथि नीलो आकाशबाट
कति मुसलधारे रगतवर्षा हुन्थ्यो होला ?
यो धरती रक्ताम्मे हुन्थ्यो होला ??

*(सिलगढी)*

# मेरो माटो मेरो देश



– गीताश्री शर्मा

मेरो देश
स्वतन्त्रताको सतहत्तरौँ वर्षगाँठ पछि पनि
स्वतन्त्र हुन सकेको कहाँ छ र ?
मैले आफ्नो बलिदान, उत्सर्ग र स्वाभिमान,
अस्मिता, अस्तित्व र स्वतन्त्रताको कुरा गर्दा
ऊ लाठी, मुड्की र बन्दुकको कुरा गर्छ,
मैले आजादीको अमृत महोत्सव र शिक्षामा
बराबरीको हक र अधिकारको कुरा उठाउँदा
भाडाका सरकारी स्वाँठहरू थुपारेर
मकै नङ्ग्याएजस्तो छोरी चेली नङ्ग्याइदिन्छ,
निर्वस्त्र पारिदिन्छ अनि, मेरो देशमा,
दुर्गा, लक्ष्मी, सरस्वती र झाँसीकी रानीको
बीच बजारमा बलात्कृत गरिदिन्छ
अनि,कानुनका ठूला ठूला ठेकेदारका मझेरीमा
दिउँसै गिद्ध र स्यालहरू घुमाइदिन्छ
अनि दबाइन्छ आवाजहरू
मेरा हजुरबाले बनाएको देशको संविधानभित्र
एक मुट्ठी माटोका निम्ति लडदा लड्दै
काँडेतारले रक्ताम्मे भएको कानुनको अघाडि
मेरो काका, दाजु र दिदीले प्राण उत्सर्ग गरेर पनि
भन्न लगाइन्छ मेरो देश महान्
मेरी दिदी र भाउज्यूले, दाज्यू र भाइले
आफ्नी आमा र काकीको सतित्व र अस्तित्व
माटाको घरको खोपामा थन्क्याएर
सिमन्टी, गिटी–बालुवा र नेरोलेकको
गन्ध र वासनाको मजालिन
बसाइँ सरेको तीन दशक नपुग्दै
आगत, बहिरागत र बासीभातेको
पगरी र फेटा गुथेर पनि
मेरो माटो मेरो देश भन्नै पर्ने वाध्यता छ
कवि शिरोमणिका सुगा भएका छौँ हामी

पचास प्रतिशतका दावेदार
महिला हक र अधिकारको कुरा गर्छौं
तर, महिला रक्षक राज्यमा
भक्षक नै कानून,
पाठशाला गएकी चिचिला
बाटामै निमोठिनपर्छ,
छोरी बढाउँ छोरी पढाउँ देशमा
किताब बोकेर पाठशाला गएकी चेलीको झोलामा
क्षतविक्षत लाश ‼ फेरि पनि भन्छौं
सबका साथ सबका विश्वास

*(गान्तोक, सिक्किम)*

# भक्ति – भ्रम



– **जस योञ्जन 'प्यासी'**

मन्दिरभित्र
मूर्तिअघि उभिएका छन् भक्तहरू
फूल च्यापेर प्रार्थनाका हातहरूमा
बन्द छन् आँखाहरू मनभरि छन्
भाकल र सङ्कल्पहरू
धूपको गन्ध व्याप्त छ
शङ्ख-घण्टी ध्वनि गुञ्जयमान छ
कति आस्थाहरू
कति विश्वासहरू
कति पुण्य भावहरू
मन्दिरबाहिर
पिंढी-पिंढीमा छन् मगन्तेहरू
पसार्दै हातहरू
थाप्दै थोत्रे टोक्रे बटुकाहरू
पैसा र प्रसादका आशामा
खाने कुरा पाइएला भन्ने लालसामा
कति लाचारहरू
कति अशक्तहरू
कति असहायहरू

भक्तहरू बाहिरिए
पूजाभक्ति सकेर मन्दिरबाट
अनि अघि बढे
मगन्तेहरूका बिचबाट
तर्किंदै, झर्कंदै र गन्गानिंदै-
"छ्या ! यस्तो पवित्र मन्दिरमा त
आउन नदिनू नि !
यस्ता फोहोरी, मैला, झुत्रेझाम्रेहरूलाई
मन्दिरै अपवित्र पार्नलाई"
आँखाले पवित्रता खोज्नेहरूले
सायद हृदयले खोज्दैनन्
यसैले मन्दिरभित्र मूर्तिमा ईश्वर देख्नेहरूले
मन्दिर बाहिर दरिद्रनारायण देख्दैनन् ।

*(सिलगढी)*

# मौसम



– जीविका अश्रु

आकाश तेजले खेल्दैछ
यो गड्याङ्गुडुङ
यो बिजुलीको चम्काई
खेलकै आवाज त होला
यसले, अँध्यारो र उदासीलाई
प्रतिबिम्बित गर्छ, उसले केही त
अझ गडबडी गर्दै हुनुपर्छ
किनकि हप्तौंसम्म कोही रोइरहन्न
जब सबै ठीकठाक छ भने !
कहिले उज्यालो र निलो हुन्छ आकाश
तर मेरो अनुभव धुमिल जस्तो लाग्छ
म जति सम्भव हेर्न कोशिश
घामको किरणको आशा गर्छु
अलिकति आशा भोलिको उज्यालोको पनि
अलिकति, सुर्यको किरणको आशा
अनि बाँकी सुन्दर दिनको आशा
बादलका थुम्काहरू
जोडजोडले चिच्याउँदैछन्
जस्तो कि उनीहरू
सहायताको निम्ति चिच्याएको होस्
तर, आशाको किरण भेटिएको छैन
जब म त्यसलाई हेर्दछु र सोच्छु
म बादलभन्दा अलग छैन
जुन बाहिर उज्यालो छ,
र, भित्र भित्रै अध्यारो छ
त्यसैले म, भारी महसुस गरिरहेकी छु
गर्भिणी महिला जस्तै
भर्न नसकेको खाली ठाँउ
प्रश्नमा खाली ठाँउ भर्नु थियो
शब्दका खाली ठाँउ भर्ने बारे
मैले सोच्नै सकिन के भावना थपुँ ?
मैले अनुभव गर्न सकिन

सकारात्मकताको लागि एउटा सानो ठाउँ
दुःखको लागि एउटा सानो बिरामी
मैले भर्ने छु यो रिक्त स्थानको अद्भुत गुणधर्म
धड्कनले सार्ने नकारात्मकताले भरिएको छलफल,
उज्यालोको ढोका भेट्न
थाहा छैन पुग्न असम्भव छ या सम्भव
सकारात्मक खोजमा,
म सधैं छटपटाइरहें
छटपटीमा रहिआएको छ
यो रिक्त स्थानको अनुभूति
शब्दका खाली स्थान
उचित शब्दले भर्ने अपेक्षा
उचित क्षण, उचित व्यक्ति
उचित हातहरूमा भर्ने र अनुभव दिने अवस्था
केही थाहा छैन
म यही एउटा शब्दको खोजमा
आफैं हराइ रहेछु, हराइ रहनेछु
शब्दका खाली स्थानलाई भर्ने चिन्ता छैन,
मेरा हातहरूले सबै ठिक गरिन्नन्
थोरै थोरै ज्ञान हुदैछ आज आएर
त्यसैले, मलाई लाग्छ
खाली ठाँउमा शब्द हैन
अवस्था चाहिं भर्न सक्नुपर्ने रहेछ

*(गान्तोक, सिक्किम)*

# ईश्वर



– **दलसिंह 'अकेला'**

अचेल ईश्वर खोज्न
म पशुपति होइन
वनकाली वनतिर जान लागेको छु
वनकालीको झ्याम परेकोरूखलाई हेर्छु
मस्जिद गुम्बा केही देख्दिन
एउटा पवित्र ईश्वरको घर देख्छु

साँझमा म देख्छु
कोईली, काग, मैना सुगाहरू
सबै कति मिलेर एउटै रूखमा वसेका
कोईली हिन्दु छैनन्
काग मुस्लिम छैनन्
सुगा ईसाई छैनन्
एक ईश्वरको सिर्जनाभित्र
कसरी नङ्ग मासु भएर मिलेर बसेका

*(दार्जिलिङ)*

# श्रमिक आमाको दिनचर्या



**– दीप प्रधान**

एकाबिहानै आमा उठेर चूल्हामा
पौंठेजोरी खेल्छिन् घूवाँसँग
दाउराको गन्धसितै
एक घुट्को नूनको कालो चिया
स्वाट्ट पारेर दिउँसोलाई अभिवादन गर्छिन्
एक गाँस निस्तो भात
राम्ररी निल्न नपाइ टोक्री बोकेर
आफ्नो विवशतालाई
आफ्नो लाचारीलाई
आफ्नो बाध्यतालाई
गम्बुटको गर्याप -गर्यापले
चुनौती दिदै
चियाको मुना टिप्न जान्छिन् ।
टोक्रीभरि आमाले
सपना बुनेकी हुन्छिन्
टोक्रीभरी आमाले
विपना उनेकी हुन्छिन्
टोक्रीभरि आमाले
पसिना लुकाएकी हुन्छिन्
टोक्रीभरि आमाले
रगत लुटाएकी हुन्छिन्
यहीँ सपना विपना पसिना
र, रगतले सिंचिएको टोक्रीभरि
नाम्लोले थिचिएको
आमाकोकट्मेरो भाग्य
टम्म भरिएको हुन्छ
दिनभरि आमा
कहिले घामसँग
कहिले पानीसँग
कहिले हुरीसँग
कहिले बताससँग
कहिले कठ्याङ्ग्रिने ठिहीसँग
सम्झौता गर्दै गर्दै
चियाको बुट्टाहरूसँग
मितेरी लगाइ बस्छिन्,

अनि बेलुकी आमा
मालिकको आँगनमा
आफ्नो उत्साह
आफ्नो जोश र जाँगरहरू
आफ्नो रगत र पसिनाहरू
अनि, आफ्नो उमेर र रहरहरू
अति प्रेमसहित
घोप्ट्याइ राख्छिन्
साथै, आफ्नो सुनौलो भाग्य पनि
मालिकको दलिनमा
बन्दगी जस्तै छोडि राख्छिन् ।
आमाको पसिनाले
मालिकको महल झलमल हुन्छ
आमाको रगतले
मालिकको भाग्य चह चह हुन्छ
तरै पनि, प्रफुल्लित बन्छिन् आमा
आफ्नो दूधमुखे शिशुलाई
दूध कटुवा बनाइ
मालिकको हरेक सदस्य
अनि, आफन्तहरूमा
अमृतबर्षा गर्छिन्
अनि, मालिकको शिशुमा
आफ्नै बालकको
मधुर मुस्कान देखिन्छन्
त्यहीं मुस्कान
गोल्टीनभित्र मायाले पोको पारी
घर फर्किन्छिन् आमा
अनि, फेरि त्यही मुस्कान च्यापेर
आधा रातमा
मस्त निदाउँछन् आमा
भोलिको भालेको डाक पर्खेर
भोलिफेरि त्यहीं धूँवा नूनको चिया
त्यही टोक्री अनि विवशता
त्यही लाचारी अनि बाध्यता ।
यस्तै छ श्रमिक आमाको दिनचर्या

*(थर्बु नौ माइल, मिरिक दार्जिलिङ)*

# एक नदीको मृत्यु



– **डा. देवेन सापकोटा**

ए नदी, कुनबेला तिम्रो मृत्यु भएको हो ?
के प्लास्टिकका कसिङ्गरले उकुस मुकुस थिचेर
कुनै कोरोना रोगी स्वासरूद्ध भए जसरी
तिम्रो मृत्यु भएको हो, तर, वर्षा हुनासाथ
कुनै मस्त तरूनीसरह
छङ्छङ नृत्य गर्न लाग्दिरहिछ्यौ
दुवै बगरमा हरियाली फरिया फिँजाई
हुर्काउँदै, खेलाउँदै अगणन जीवकुल आफ्ना अवयवभित्र?
वंशवृद्धिको नैसर्गिक आनन्दमा झुम्दै
तिम्रो बगरमा आएकी गर्भिणी कछुवाले
आफ्ना अन्डाहरू बालुवामा छोप्दै

कानैखुसी गरी भन्दी हो "सुर्ता नमान नानी हो
नदी–आमाको यो बलौटे कोखबाट निकाल्ने छ तिमीहरूलाई
पानी मामा आएर कुनै एक अनुकूल समयमा
तर, समय नपुग्दै नाफाखोर माफियाले
गुँड नै विस्थापन गरी बालुवा चोरी लैजाँदा
कति घात परेको हुन्छ होला तिमीलाई
अन्डाहरू कोरलिनै नपाई
तिम्रो कोखमै बिचरा कछुवाको वंशनाश हुँदैजाँदा
वेदनामा कति छट्पटाएकी हौली तिमी?
के यसकै पीडामा त मृत्यु भएको होइन तिम्रो ?
तिम्रा उपनदीहरूलाई
भीमले दुशासनलाई ताडन दिए जसरी
लछारी पछारी चिथोरेर बाँध लगाउँदा
वेदनामा कति छट्पटाकी हौली तिमी?
के यही थियो तिम्रो मृत्युको कारण ?
बर्खाका झर्झर वृष्टिबिन्दुले
तिम्रा मुडुलिएका बगरलाई
सुनारेले मृदु प्रहार गरेसरी हिर्काउँदै
भूमिकण उक्काएर
तिम्रै शरीरमा अहरह ओइराइरहँदा
विस्तारै पुरिँदै, हराउँदै गयो तिम्रो अस्तित्व
अनि, नदीबाट खोलो,
खोलोबाट नालामा खच्किनु पर्दा
कत्रो अस्तित्व सङ्कटको मानसिकतामा
पिरिइकी हौली तिमी
खुम्चिँदै गएको तिम्रो वक्षमा
दुर्गन्धित ढल जब क्रमवर्धमान मिसिदै गयो
गर्भका अनेकन जीवनलाई धान्नै नसक्ने गरी
प्रदूषित भयौ तिमी तब आफ्नो लाचारीमा
आइसियुमा लम्पसार तड्पिइरह्यौ तिमी
के त्यतिबेलै तिम्रो मृत्यु भएको हो ?

*(प्राध्यापक: असम कृषि वि वि.,गुवाहाटी)*

# महाकाल !



– **नगेन्द्र 'गोर्खा'**

धेरै मानिसहरू आफ्नो र अरूको
जन्म जयन्तीमा तिमीकहाँ आउँछन्
र, उमेरहरू वरदान माग्छन्
जोड़ी परेवाहरू छोडेर
धेरै आशीर्वाद माग्छन्
तिमी सुतिरहेको बेला
घण्टीहरू बजाएर
दूध छर्केर, पानी छर्केर,
बिहान बिहान उठाउँछन्,
ससम्मान निद्राबाट ब्यूँझाइदिन्छन्
जब तिमी विचारको निद्रामाथि
संसारको विषयमा सोचिरहेको हुन्छौ
तिम्रो शिर शिरमा परेवाहरू चढ़ेर रमाउँछन्
उड्दै उड्दै तिम्रो शान्तिको सन्देशहरू
मानिसहरूकहाँ लान्छन्
परेवाहरू आकाशमाथि धेरै माथि पुगेर फर्कन्छन्
र, तिम्रो एकान्त मौनतालाई भङ्ग गरिदिन्छन्
मानिसहरू रमाउँछन् हातको फूलहरू अक्षेताहरू
तिम्रो शिर शिरमा चढ़ाएर
मान्छे शान्तिको श्वास फेर्छन्
मान्छे खुशी भई घर फर्कन्छन् र
तिम्रो नामको प्रसादहरू गाउँ गाउँ, घर घर वितरण गर्छन्
शान्ति हराउने मान्छेहरू तिम्रो दर्शनमा आएर शान्ति माग्छन्
बाँझो आत्माहरू आउँछन् र सन्तान माग्छन्
प्रेममा बिछोड़िएकाहरू आउँछन् र पुनर्मिलन माग्छन्
तिम्रो मन्दिरमा, महाकाल !
अचेल तिम्रो हृदय छेउमा आएर
छोरा हराएका आमाहरू आउँछन् र छोराहरू फिर्ता माग्छन्
अकालै मरेका लोग्नेहरूको नाममा, विधवाहरू सिउँदो माग्छन्
टुहुराहरू आउँछन् र एक टुक्रा रोटीको प्रार्थना चढ़ाउँछन्
धेरै मानिसहरू आउँछन् र
अनन्त शान्तिको यात्रा खोजिरहेका हुन्छन् ।

*(दार्जिलिङ)*

# पतझड



– **नरबहादुर दाहाल**

जर्जर पुरातन सत्र फेरिदैछ
जीवन नयाँ लौ छाव देखिदैछ
छाउँछ प्रकृतिमा भोलि बहार
देखिन्छ उसको हँसिलो मुहार
विगुग्ध उरमा छ आता प्रशान्त
दुःख-दर्द पोडा हुँदैछ अन्त
सौन्दर्य देखी, दिलमा अपार
आउँदैछ भाव पनि वारवार
खसाई खन्छन् जो अश्रुधार
लाउनेछन् भोलि उही पुष्पहार
देखिनेछ सबमा परिमल पराग
सुनिनेछ कस्तो चाति अश्रुत राग
वहदैछ पवन पनि मन्द-सन्द
टिपी फूलबाट अव छई सुगन्ध
नव-चेतनाले नयाँ युग आई

लान्छ अँध्यारो सब यो उठाई
नूतन विचारमा अभिनव छ चाह
लिएर बढ्ने आशा अथाह
चाहन्छ विश्व छरियोस् उमंग
प्रफुल्लित बनोस् सब अंगअंग
निर्भर गाउँछ कलकण्ठ खोली
आउनेछ उज्यालो अब दिन भोलि
लिएर आउँछिन् वसन्त-रानी
संसार अर्कै स्वप्निल सुहानी

*(सुकुना)*

# सङ्कल्प



– **निर्दोषिका तामाङ**

मलाई आफू जलेर
ती पत्थर मन पगाल्नु छैन
आँसुका थोपाहरूले
मरूभूमि विचार भिजाउनु छैन
मलाई तिमी जस्ताले बनाएको
नीति-नियमको त्यो साँघुरो
चारकुने भित्ताहरूमा
चेप्टिएर, थिचिएर, निसासिएर
पटक्कै बाँच्नु छैन
मलाई मेरो अनि म जस्तै महरूको

उदेश्यमा पङ्ख लगाउनु छ
उड्नु छ, त्यो विसाल आकासको
आयतन नाप्न
मलाई तिम्रो अभिमानले बनेको
अहम् को त्यो पर्खाल

मेरो योग्यता र स्वाभिमानको
औजारले तोड्नु छ
अनि अझैँ आफ्नै
पाइतलाको भरमा मलाई
कैयौँ माइल अघि बढ्नु छ
मलाई थाहा छ
तिमी मेरो स्वतन्त्र सौँचहरूलाई
निर्लज्जको संज्ञा दिनेछौ
मैले रहर अनि समय साटेर पाएका
उपलब्धिका प्रमाण पत्रहरू
चुल्हो-चौकामा जलाउन नसक्दा
तिम्रो अभिमान पक्कै चिसिने छ
किनकी मेरो उद्देश्य जलाएर
न्यानोपनको आभास पाउन चाहन्छ
तिम्रो स्वार्थीपन
तिमी मेरो जीवनमा रङ्गहरू
पोतिएको चाहन्नौ
म रङ्गिएपछि मात्र
तिमीमा सास भरिएको
अनि मेरो गर्भमा नै
मैले तिमीलाई कल्पेर
रङ्गिन सपना सजाएको
तिमी दिवास्वप्न झैँ भुलि पठाउँछौ
मैले जिन्दगी जोखिममा राखेर
आफ्नै रगतले बनाएको तिमी
आज मेरै इज्जतलाई
लिलाम गर्न तम्सिरहेको छौ
म धर्ती हूँ त्यसैले मेरै मुटुमा
कुल्चेर तिमी जघन्य अपराध गर्दैछौ
तर, अब मलाई तिम्रो
हरेक अपराधहरूको रङ्गमञ्चमा
मुक दर्शक बन्नु छैन
तिम्रो निम्ति अझैँ यो जिन्दगी
जोखिम बनाउनु छैन
अब मलाई तिम्रो कलुषित दिमागको
शुद्धिकरण गर्नु छ
तिम्रो मपाइत्वको भ्रमको पर्दा च्यातेर
तिम्रो वास्तविक स्वरूप
सबै सामु ल्याउनु छ
अब मलाई म जस्तै महरूलाई
बुझाउन मन लागेको छ
तिम्रो व्रतले आयु बढेकाहरूले
तिम्रै जीवन घटाउने चाल चलिरहेको छ
तसर्थ उ बाँचिरहेको हेर्न
मलाई मेरो सिउँदो दिनहुँ
रङ्गाउनु छैन
मलाई कसैको मदिराको रित्तो गिलास
मदहोस कसैको मैला बिछ्यौना
सडकको पेटीमा फ्याँकिएको
फोहोरको थुप्रो
मालिकको अनायसै वेतनवृद्धि
प्यारापेडमा बसेकाहरूको जिब्रोको स्वाद
सिपालु हातको कठपुतली केही बन्नु छैन
मलाई त तिम्रो
विचार, दृष्टिकोण, अभिमान अनि
मपाइत्वको
त्यो गाडे घाउहरूको शल्यक्रिया गर्नु छ
तिम्रा अपराधहरूलाई
खुल्ला मञ्चमा प्रदर्शित गर्नुछ
अनि मलाई म जस्तै महरूको निम्ति
अन्तिम साससम्म निरन्तर लड्नुछ

*(सिलगढी)*

# अरू सब ठिकै छ



– निलीमा आचार्य

हिजोआज गाउँ शहरतिर लागेको छ
पिठ्युँमा सपनाको साम्राज्य बोकेर
गाउँका बाटा गोरेटा सडक सबै
शहरतिर जाँदैछन्
आऊ न ! एकपटक, हेरेर जाऊ
आफ्नो प्यारो गाउँ
के भन्नु सबै म्यासेजमा
यहाँ कुशल मङ्गलै छ
तिमीले जस्तो छोडेर गएका थियौ
ठिक त्यस्तै त्यस्तै छ
बेठिक केही छैन बर्खा लागेको छ
खेतमा छिपछिप हिलो नभए नि
पानी डावाँडोल छ
भ्यागुता कराउँदै छन् सकिनसकी
स्याउँस्याउँती जुका उब्जेका छन्
पाखामा, पानीमा जताततै
तर हामी वास्ता गर्दैनौं
के गर्छन् र यी हाड नभएका लुर्केले?
वर्षमा एकचोटि निस्किएर
अर्कालाई चुसेर लाजले फेरि गुफा पस्नेले
ठुलो केही बिगार गर्न सक्दैनन्
अस्ति ठुलदाइले नुनले खुन छदाएपछि
जुकाले डाँडो काट्ये रे !
ठुली दिदी भन्थी
मैले एकहुल जुका शहरतर्फ लागेको देखें
तिमीलाई शहरमा जुकाको पीर नभए नि
बारैमास लामखुट्टेले बेस्सरी
सताइरहेको छ नि? खै !
के के नाउँ हुन् हुन्
यी लाम्खुट्टेले डोऱ्याउने बिमारका पनि
भन्नै आउँदैन हामीलाई त
अरू सबै ठिकै छ यता
त्यो माथ्लो गाउँको पँधेरो आज
जनशून्य भएको छ
कुवाभित्र झाउ पलाएको छ
ऐंजेरू बुटी पनि उम्रेको छ
हेर !, हाम्रो सुखदुःखको साक्षी
आज परित्यक्त छ
गाउँको भानुमञ्च बिरानो भएको
धेरै वर्ष भयो युवा 'मुवी' मा व्यस्त छन्
बच्चाहरू 'आँडिशन' दिन
शहर दगुरेका दगुरै छन्
बेलाबेला महिलाहरू रहरले
यसो नाच्ने-गाउने गर्छन्
अरू सब ठिकै छ
बेठिक त केही छैन
असार छिर्न आँट्यो
गाउँ "बोलबम" जाने तरखरमा छ
भ्याइनभ्याई छ शिवका भक्तलाई
साउन लाग्न आँट्यो
तल्लाघरे रामे काकाले
माटो बन्धक लगाइसके
मसिनी फुपूले खेतमाटो बेचिसकिन्
गाइ-वस्तु,खसी-बाख्रा दुवैले
मासिसके

उनीहरूलाई पनि छोरा-बुहारीले
शहरमै बस्न बोलाएका छन्
अब केही दिनमा उनीहरू पनि
शहरकै वासिन्दा हुन्छन्
हिजोआज बराल बाजेले कौसीमा बसेर
रामायणको त्यो मिठो सोर सुर्निदैन
कता हो ! उनको 'भिसा' पो
बनियो रे
अमेरिका जाने, अफसोस !
गाउँमा सिलोक हाक्ने चलन पनि
अबदेखि उठ्ने पर्‍यो
कान्छीमाया झर्केबटुकोमा चिया फुक्दै
शहर जाने आग्रह गर्छे कान्छालाई
लाचार दृष्टिले हेर्छ कान्छो शून्यतिर
चियाको तातो बाफसरी
दिशाहीन भई उडेका छन्
कान्छीमायाका सपना
कहिले गाउँ त कहिले सहर
अरू के भन्नु सब ठिकै छ यता

*(विश्वनाथ असम)*

# मानव बस्तीमा नशा उन्मादको

(वर्तमानसम्म नरोकिएको युद्धको सन्दर्भमा)



**– नीता तामाङ**

कस्तो नशा उन्मादको !
उग्रता र उदण्डता
स्वार्थ र घृणाले छोपे पछि
बन्द हुँदो रहेछ विवेक पनि
जहाँ सहनशीलता र संवेदनाका
भावहरू अपहरण हुँदा रहेछन्
ध्वस्त हुँदो रहेछ सभ्यता सुन्दर
मानव बस्तीहरू पनि
विभेदका रंगहरूले उछाल लिए पछि
प्रेम,सदभाव र भातृत्व बेअर्थ बन्दो रहेछ
उफ् मेरो सुन्दर मानव बस्तीहरूमा
यो के भइरहेछ अहिले घरि ?
प्रश्नहरूको धुइरो लागेका छन् मनभरी
कतै मानव विकासकै निम्ति
कतै शक्तिको होड़को निम्ति
कतै आ-आफ्नो अहंको बर्चस्वको निम्ति
गरिएका अनगिणत अभ्यासहरू
मानव धरती देखि चन्द्रमा कि
मंगलग्रहमा प्रवेश सम्मले अतृप्त विवेकहरू
देख्दा खुशी हुने मनहरू
आजभोलि त्रसित हुन लागेका छन्
आखिर !
मानव समृद्धि र ऊँचाईको मिठो
गर्जनहरूमा
मानव विनाशकै हुंकार र चुनौतिहरू
प्रतिबिम्बित हुन्छ भने
प्रश्न गर्न आतुर छु--
आखिर तिम्रो मानव समृद्धिको
कसरतको के अर्थ रह्यो?
तिम्रो मानव मूल्यको चेतना
कहाँ विफल भयो ?
तिमी आफै विचार गर
ए ! मानवता अघि शक्तिले

माटिएकाहरू हौं !
तिम्रो कुटनैतिक विफलता कि अहंकारमा
अब मानव मूल्यको शिकार बन्द होस !
खोई जनप्रिय परिणाम ?
युद्ध - रसिया र युक्रेनको ?
युद्ध -- इजरायल र इरानको ?
या ठूला ठूला शक्तिहरूको ?
कति निर्दोष प्राणीहरूले अनाहकमा ज्यान गुमाए
कति कति निर्माणका नयाँ धरोहरहरू स्वाहा भए
त्यसैले हिजोआज दिनहूँ दिइरहने खबरहरू पनि
बेखबर भए जस्तो छ
दिनहुँ आतंकित बनाउने संवादहरू पनि
सामान्य बने जस्तै छ
तर पनि अहंकारको युद्ध
चलिरहेको छचलिरहेको छ
पागल भई
अहंकारका विभिषिका
निर्लज्ज खेलिरहेका छन्
जबर्जस्तीका सीमाहीन बारूद र आतंकहरूले
तान्डव मच्चाइरहेका छन्
सत्य हो ! सुनौलो बिहानी
कालो अन्धकार नहटेसम्म आउँदैन
तपाईं स्वीकार्नु होस् या नस्वीकार्नुहोस्
तर मलाई मानव बस्तीमा आतंक नै ल्याउन
नरसंहार गर्न/गराउन
त्यो कालो रात स्वीकार छैन
मानव हत्याकै निम्ति
विभेदकारी कसरत !
अँध्यारो रातमा होस् कि उज्यालो दिनमा
कदाचित् स्वीकार छैन
म त भन्छु-नतोड्ियोस् सम्बन्धहरू
कसैको कसैसित उग्रता र उदण्डताले
नहोस् ध्वंश !
मानव आस्था र विश्वासका
मन्दिर, मस्जिद, गिर्जा र गुम्बाहरू
कुनै उन्मादले
नहोस् विनाश !
मान्छेकै मान्छेद्वारा सृजित बम, बारूद र हतियारले
नहोस् विनाश !
मानव सभ्यता र संस्कृतिको
मान्छेभित्रकै वैमनष्यताले पराकाष्ठा त नभनौं
चलिरहेको अनुसन्धान र अभ्यासहरूलाई
विश्वको समृद्धि र विकाशहरूलाई
अझैं खोजहरू धेरै होलान् विज्ञानको
यो धर्तीको निम्ति
मानव बस्तीहरूको निम्ति
तर मानव समृद्धिमा
अझैं समृद्ध हुने होड़मा
मानव रक्तकै होली खेल्ने
अहंकारी इतिहास फेरि नलेखियोस्
मानव बस्तीहरूमा --
सिर्जना होस् समृद्धिको
समृद्धि होस् शान्तिको
मेरो अन्तिम बिन्ति --
तर शान्तिकै निम्ति
नहोस् शमसान घाटको शान्ति
जो कतै, कसैलाई स्वीकार छैन
कदाचित् स्वीकार छैन

*(बिजनबारी, दार्जीलिङ)*

# बोली र धरती




– पुण्यप्रसाद शर्मा

इदी अमीनले नरमुण्डमा मानव-रक्त पिएर
एकपल्ट बेलायतमा खबर गऱ्यो
आयरल्याण्ड र बेलायतबीचको
शदीयौंको संघर्ष ऊ समाप्त गरिदिन सक्छ
बोल्न पाइन्छ बुश बोल्छन्, सद्दाम हुसेन बोल्छन्,
पण्डा बोल्छन्- पुरोहित बोल्छन्
पाद्री बोल्छन् - मुल्ला बोल्छन्
रब्बी बोल्छन् - रिम्पोछे बोल्छन्
जो जहाँ छ - त्यहीं बोल्छ
पक्ष बोल्छ- प्रतिपक्ष बोल्छ
सङ्गीतकार बोल्छ - साहित्यकार बोल्छ
ज्यानमारा बोल्छ- साक्षी बोल्छ
उछिन्न चाहन्छन् प्रत्येकले प्रत्येकलाई-
कहीं अमेरिकाको दादा बोल्छ
कही बोल्छ इराकको विध्वंश आत्मसम्मान-
प्रत्येक मठबाट ईश्वरको डर बोल्छ
मुक्तिको कल्पना बोल्छ-
स्वर्ग, नरक बोल्छ- तर बोल्दैन धरती !
यसले सहेको छ शदी-शदी सहस्राब्दी-
सहस्राब्दी, मान्छेको अत्याचार सहेको छ
रगत सहेको छ-हाड-मासु सहेको छ-
धरतीले आफ्नो आवाज बेलाबखत-
भूकम्पबाट, पैह्रो र अनिकालबाट
बाढ़ र हावा-हुण्डरीबाट
आफ्ना नानीहरूलाई सुनाएको छ
धर्ती यूर्जेय र अपराजिता
भएर पनि धेरै सहेको छ

*(गान्तोक, सिक्किम)*

# खरसाङ–बलात्कृत पहाडकी रानी



– पुरण गिरी

रानी म पहाडकी रानी
युगौंदेखि कुमारीत्वमा बाँचिहरेकी रानी
आज यही पहाडकी रानीलाई बिस्तार बिस्तार
मुखुण्डोधारी ब्वाँसोहरूले
मानव तस्करीको पगडी गुँथेर
निर्दयतापूर्वक पटकपटक
बलात्कार गरेर अस्वस्थ्य, लाचार, खिन्न
बनाइसकेको बलात्कृत पहाडकी रानी भएकी छु
तिरस्कृत विश्वसामु
अलङ्कृत पहाडकी रानी
छताछुल्ल गहनाहरू छन् मेरा
आह'बेहोश भएकी छु
आफ्नै रूप देखेर
प्रपञ्चनाले पस्केका घाउहरू
सुमसुम्याउँदा कहाली लागेर आउँछ
त्यसैले त गुहार माग्न बाध्य छिन् म रानी आज
म चिच्च्याउँछु, कराउँछु ताकि
शुभचिन्तकको कानकानमा पुग्न सकोस्
यौटा मेल पठाइरहेकी छु
पढ्नसाथ तुरन्तै आफ्नो रानीको
निर्वस्त्र अङ्गमा वस्त्र ढाक्न
चाँडोभन्दा चाँडो आउनू है
नत्र भने यी ब्वाँसोहरूले
मेरो शरीर नोछीनोछी
मृत्यशय्यामा पुर्याउनेछ
रानी नै जब खरानी हुनुपर्ने बाध्यताछेउ
नाबालिकहरूको तस्करीको कुरा त सामान्य हुन्छ
लालीगुराँसले जब पहाडमा
फुल्न लजाएपछि, हरियाली आँखैमा मुर्झाएपछि
ती ब्वाँसोहरूको अतिक्रमण त जारी नै रहने भो ।
मुखुण्डोधारी ब्वाँसोहरू भन्ने गर्छन्
पहाडकी रानी हाम्रो हो

प्रलोभनले लतपत अर्को हूल ब्वाँसोहरू
पहाडकी रानी हाम्रो प्रिय हो
एउटै नाउमा चढेका छन्
आभूषण लुट्न सबै जुटेका छन्
यसैले त बलात्कृत आवाजहरू
तिनीहरूको कानसम्म पुग्दैनन्
अवहेलित रानीको गरिमाको
चिन्ताले छुँदैनन् कसैलाई
सिन्दूर पुछे जस्तो, चुरा फुटे जस्तो
निराश, उदास, उजाड छन् आज
गहको आँसु पुछिदिने
हातहरूको प्रतीक्षामा
बलात्कृत पहाडकी रानी म

*(दार्जीलिङ)*

# मानवताको परिभाषाभित्र नअटाएको मान्छे



**– पूजा आचार्य**

प्रश्न बडो कठिन छ
दार्शनिक र तात्विक छ
कैयौँ वर्ष कैयौँ युगदेखि चलिआएको
हरेक कुप्रथाको खण्डन कहिले हुन्छ
मान्छेले स्वाँगको ढोका थुनेर
मानमताको ढोका कहिले खोल्छ?
पथ्यर पुजिन्छ महँगो शृगार,आभूषणले
दान गरिन्छ, दक्षिणा दिइन्छ
पिण्ड चढाइन्छ, भोग लगाइन्छ
भतेर पकाइन्छ
ठुलो ठुलो आयोजनाले ।
यता,
जीवलाई छाकको खाँचो छ
धेरै वेदनाको तातो आगोमा
पिल्सिएको छ गरिबको जीवन
छटपटाएको छ सहयोगको आशामा
पहाड धसिएर माटो हुन्छ
मन धसिएर कमलो हुँदैन
छुत-अछुत, आफ्नो परायामा
अल्झेको छ मान्छे
यथार्थमा
भ्रमित छ
मानवताको सही परिभाषा
पून्यको अर्थ ।
मन बदलिँदो रहेनछ
दिनदिनै चटान बनिरहेको छ
अहङ्कारको नशामा चुर छ मान्छे
न चिन्छ आमा बाबु
न साथी सङ्गी
मानवतालाई नउभ्यायौँ
स्वाँगको प्रतियोगितामा ।

*(असम)*

# हरे राम रक्सी छाडी देउ



– **बहादुरसिंह बराल**

हरे राम रक्सी छाडी देउ, एसैले सबैको नाश गर्छ ।
जसलाई बानी पर्यो यस्को तेस घरमा भूतले बास गर्छ ॥
न एसले देख्दछ जाती, न एसले देख्छ नजाती ।
भएको बुद्धि हराउने, अनी धनको विनाश गर्छ ॥
कत्ती बाटामा लोटेका, कत्तीले थुतुना जोतेका ।
कत्तिको मुखको राल, कुकुरले चाटी आफनु प्यास हर्छ ॥
भएको धन उडिसक्छ, फेरी मनमा सोची बस्छ ।
बेशर्मीमा कम्मर कस्छ, तबै चन्डालको हात पर्छ ॥
त्यो मुखबाट दुर्गन्धि बास, कुरा गरदा गन्हाउंछ सास ।
इज्जत र जिउको पार्छ नाश, शर्म पनि एसले खास हर्छ ॥
त्यो रक्सी भन्दा झन् जाँड, एका बिहानै बन्यो भाँड ।
अन्नलाई कुहाइ माँड, अनाजको नी श्राप पर्छ ॥
नशामा हेरदैनन् कोई, धन पैसा अरू घर खोई ।
जहान बसछन् सधैं रोइ सबै साहुको हात परछ ॥
शिवजीको यो प्रसाद भनी, खाएको भन्दछन अनी ।
शिव जस्तै भई देखाउ तनी, भन्दा तिनिको गाँस झर्छ ॥
हे प्रभु । हाम्रो कुचाल, हजर नै आएर फाल ।
नासियो अब बराल, कि हिड्दा पनी सास बढ्छ ।

*(भाक्सु)*

# म उसलाई हाँस्न भन्छु



– **भविलाल लामिछाने**

कति दिनदेखि
उसको निन्याउरो रून्चे अनुहारमा
हाँसोका छिर्का परेका छैनन्
घाम झ्यालबाट आएर
कोठाभरि खोजिरह्यो
कतै फेला पारेन उसको अनुहार
आँगनपारिको रूखमा
चराहरू आएर चिरबिराउँदै खेलिरहे
धेरै बेरसम्म
बिहानै उठेर आँगनमा आई
लोटाभरि जल लिएर अर्घ्य
चढाउँथ्यो सूर्यलाई
फेरि तुलसीको मठमा बत्ती बाली

नकुलदाना प्रसाद चढाउँथ्यो
नकुलदाना नपाएरै होला
चराहरू आउन छोडेका !
कति दिन भए
दैलाका पाटा ढिलाएरै उघ्रिन्छन्
घाम छानो नाघिसकेको हुन्छ
चराहरू रित्तै फर्कि सकेका हुन्छन्
आँगन उदास देखिन्छ
उसको हाँसो नभेटेर
किन होला
हिजोआज सूर्यनमस्कारको आसनमा
ऊ कहिल्यै उभिन्न
घरपछिल्तिर चौरमा
केटा-केटीहरूसँग गुल्ली-डन्डा खेल्दा
उसले हाँसेको फुक्का हाँसो चोर्न
भेला भएका हुन्थे छेउ-छाउका साना-ठुला
उसले हाँस्न छोडेपछि चौर पनि
साँझ सखारै कालो कम्बल घुप्लुक्क
ओढेर सुत्छ
चौरस्ताको घुम्तीमा पनि आउन
छोडेका छन्
कवितामाथि गरिने चर्चा-परिचर्चाहरू
मैले उसलाई एकदिन भने
'रूवाइका कविता सधैं कति लेख्ने
हाँसोमाथि पनि केही लेख् न'
सोचेको थिएँ अब ऊ मुस्काउँछ
त्यसो केही भएन
मात्र भुइँमा छिरलिएका कागजका
केही टुक्रा बटुलेर
मेरा हातमा राखिदिंदै
निलो ताल जस्ता आँखाले मतिर हे-यो
च्यातिएका खोस्टाहरूलाई बटुली
मिलान गरी पढ्न खोजें
एउटा असम्पूर्ण कविता
कोठाभरि छरिएका
त्यस्ता कागजका खोस्टाहरूमा
घिटीघिटी भइरहेका थिए
धेरै कालजयी कविता
मलाई लाग्यो
हाँसो हराएर बाँच्न खोज्नु बेमानी
कुरा हो
र, उसलाई मैले हाँस्न भन्छु
डाक्टरलाई देखाउँदा डाक्टरले पनि
त्यसै भन्छ
म एकजना एकजना किसानलाई जान्दछु
एकपल्ट
लाएको बाली खडेरीले सखाप पा-यो
धेरै किसानहरूले आत्महत्या गरे
'तिमीले आत्महत्या गरेनौ ?'
सोध्न चाहेर पनि सोधिनँ
आँखाले ऊतिर हेरें मात्र
बुझेर उसले भन्यो
'आउनेपल्ट दोब्बर फलाउँछु'
अनि मज्जाले हाँस्यो
मेरै छिमेकी साइँलाका बाबा बित्नु भो'
केही दिन चूप बस्यो ऊ
सानो दियो मात्र बल्यो घरमा
फेरि उसका ओठ बिस्तारो खुल्दै गए
अनि एकसाँझ छोराछोरीलाई बेस्सरि
हँसाएर
उनीहरूको हाँसो चोरिरहेको थियो
मैले सोधें उसलाई, 'तँलाई बाबाको
सम्झना हुन्न ?'
उसले उल्टै प्रश्न ग-यो-
'तैंले राजेश खन्नाको 'आनन्द' सिने
मा हेरेको छैनस् ?'
मलाई लाग्यो
ऊ अमिताभ बच्चन जसरी
नियतिसँग जुध्न प्रस्तुत छ
जति बाँचिन्छ

हाँसोलाई ओठदेखि छुट्टिन दिनु हुन्न
म उसलाई हाँस्न भन्छु
'यति लामो सुन्दर जिन्दगीको 'क्यानभस'
केही छिनको ध्वाँसोले किन बिगार्नू' !
म
उसलाई चङ्गासँग सपना उडाइरहेका
एक हुल केटाकेटीहरूमाझ लगेर
मिसाइदिन्छु
र आश्वस्त हुन्छु
अब कविता मर्दैन !
त्यसैले
म उसलाई सधैं हाँसिरहन भन्छु
हाँसो सृष्टिको सबैभन्दा सुन्दर गहना हो
*(सिलगढी)*

# मृत्यु–योजना



– **मञ्जुला तामाङ सुब्बा**

स्वीकार छ मलाई मृत्यु
मर्नै पर्छ म पनि कुनै दिन
अँगाल्नै पर्छ मैले मृत्युलाई
पर्खिरहेको छ मलाई, त्यो घाटले
हेरिरहेको छ, मृत्युशय्या त्यो खाटले
जान्छु मलामी आज कसैको
आउनेछ पालो भोलि मेरो
स्वीकार्नु छ कटु सत्य हो मृत्यु
कुनै दिन त छ अस्ताउनु
योजना मेरो सुनिदिनू !
चाहना, बाँच्नुको होइन
मेरो जीवनको अन्तिम चरणको
जब ! म पुग्नेछु अवचेतन अवस्थामा
हस्पिस जस्तै मेरै शयन कक्षमा
परमधामको ढोकामा उभिएको बेला
नलानू मलाई कहिँ पनि, कतै पनि
हुँदैन बाधा तिम्रो कर्तव्यपथमा कदापि
नऔंलाओस् कसैले कर्तव्य विमुख भनी
मेरो अन्तिम इच्छा मेरै खाटमा भए पनि
नछैँड्दिनू मेरा नसाहरू
नदिनू कृत्रिम अक्सीजन
बेड नम्बरले नबोलाउनू ल
साइनोहरूमा नै गाँसिराख्नू

कोशिश नगर्नू व्यर्थमा
रोक्नलाई एक मुट्ठी श्वास
भेन्टिलेटरका एकान्त घुर्र्याइहरूमा
आईसीयूको गहन चिकित्सामा
एकलो र चिसो उपकरणहरूमा होइन
तातो हत्केला होस् मेरो निधारमा,
परिचित आवाज होस् मेरो कानमा
सुनाइदिनू गायत्री मन्त्र बरू
वैतरणी तर्नेछु
नगरे हुन्छ कर्मकाण्ड, हाँसेर बिदा लिनेछु
मेरो लाश अस्पताललाई सुम्पिदिनू
सम्झनामा एक थुँगा फूल चढ़ाइदिनू

*(घूम, दार्जीलिङ)*

# भवितव्य



– **मिलन बान्तवा**

थाक्दैनन् पातहरू कहिल्यै
रूखलाई ठाड़ो बनाइराख्नमा
आँधी, हुरी, बताससित जुझेर
झरीमा भिजेर घामको प्रकोपमा डढ़ेर
तटस्थ रहन्छन्
अनि ज्यान रहुञ्जेल रूखलाई
पोषण दिइरहन्छन् आफू निभेर
रूख तर पातहरूलाई माया गर्दैनन् कहिल्यै
ढोङ रच्छन् बरू
एकअर्कामा सम्पूरक हुनुको
प्रेम गरेको भान पार्छन् बरू
क्लोरोफिल जीवनसित
ईर्ष्या छ रूखलाई पातहरूसित
डाह छ रूखलाई पातको हरियोपनसित
पातहरूको बलमा उँभो उठेपछि
पातहरू अफालेर एकलो बाँच्न चाहन्छ रूख
नितान्त एकलो
छेल्छन् पातहरूले रूखको आफ्नोपनलाई। ठान्छ ऊ

ऊ देखिनुपर्छ एकलो पातहरूविहीन
माथि-माथि आकाश छुनुपर्छ उसले मात्र
एकलै, नितान्त एकलै ऊ माथि-माथि चढ्नुपर्छ
रूखले केवल धमिराहरूसित मितेरी लाइबस्छ
धमिराहरूमात्र ऊभित्र छाइबस्छ
अङ्कमाल गर्छन् धमिराहरू रूखलाई
अनि रमाइबस्छ रूख धमिराको प्रेमसित
किनकि धमिराहरू नै हुन्
रूखलाई पातविहीन हुनमा मदत गर्ने
किनकि धमिराहरू नै हुन्
रूखलाई एकलो उभिनमा मदत गर्ने
तर थाक्दैनन् पातहरू कहिल्यै
सानो रूखको बिरूवालाई फेरि पनि पोषण दिनथाल्छन्
तर एक दिन सानो हावाको झोक्कामा
त्यति अग्लो उभिएको रूख ग्वार्लाम्म ढल्छ एकलै
धमिराहरू भाग्छन् कति शरण खोज्दै यताउति
धमिराहरू लाग्छन् कतिरगत चुस्न
असहाय त्यो बूढो रूखको
तर अहँ थाक्दैनन् पातहरू कहिल्यै
नयाँ बिरूवा, अनि फेरि नयाँ बिरूवा
एकपछि अर्कोलाई पोषण दिइरहन्छन्

*(दार्जिलिङ)*

# किताब



– **मोहन सुवेदी**

भर्खरै खोलिएको एउटा नयाँ किताब
सुवासित भयो सम्पूर्ण कोठो शब्दले
सुगन्धित भए गुम्सिएका विचारहरू
सेता पृष्ठहरूमा लिपिबद्ध भएका प्रहरहरू
झ्यालबाट उड्दै आएर
थपक्क बस्दछ हत्केलामा रङ्गीन पुतली
लामो यात्रामा खुलै राखेको किताब
बुद्धत्वका सुदीर्घ ऋचाहरू पढेर
ढोकाबाट निस्किएको ज्ञानको सुरिलो लय
आत्मीय सम्पर्क छ किताब र रोटीको

जसरी अन्तरङ्गता छ मृत्युसित नुनको
माटोसित अलग्गिन नसकिने पाइलाहरू
एक–अर्कोसित जोडिन्छन्
शब्द र तस्वीरहरू
बारम्बार खोजिरहेका हुन्छौं
नयाँ किताबका पृष्ठहरूमा
स्वयंले रोजेको एउटा मान्छे
जोसित बात मार्न सकौं
सातदिन सात रात
किताबभित्रका तस्वीरहरूमा खोज्ने गर्दछौं
देशको सिङ्गो अनुहार,
अनुभूतिको निर्विरोध स्पर्श
आत्मीयताको गायत्री मन्त्र
र पृथिवीको सम्पूर्ण संविधान
किताबको ऐनामा देखिएको अनुहार
चेतनालाई सजाएर ढकमक्क
निर्माण भइरहन्छ फराकिलो चऊर
हरियो पहाड, नीलो नदी
र रूखहरूको विजय उत्सव
सुवासित हुन्छ किताबले एउटा देश
नयाँ यात्राको आदिपाठ

*(तेजपुर, असम)*

# मलाई नचलाऊ !



– **युवा बराल 'अनन्त'**

हो साथी
यतिबेला म मद्मस्त छु
मलाई नचलाऊ !
मलाई नचलाऊ !
मलाई नचलाऊ !
मलाई नचलाऊ !
मलाई नचलाऊ !
मेरा रोम रोममा बग्ने
रगत तात्तिएको बेला छ

मेरो नशा नशामा कुद्ने खुन मात्तिएको अवस्था छ
मलाई भुल्न देऊ हजूर यस्तै रमाइलाहरूमा
मलाई झुम्न देऊ प्रिये यस्तै मस्तिहरूमा
यतिबेला मलाई बाटो देखाउन न आऊ
यतिबेला मलाई खाटो देखाउन न आऊ
यतिबेला मलाई माटो देखाउन न आऊ
नदेख्ने नदुख्ने नभिझ्ने भएको बेला
अनेक साइनोले मलाई बोलाउँदै न आऊ
थुप्रै लोभ देखाई मलाई घर फर्क भन्दै न यहाँ आऊ
म नचिन्नेहरूमा मिस्सिसकेको छु
म नफर्किनेहरूमा भास्सिसकेको छु
डराऊ मसँग - हे मित्रगण
म तिमीलाई जे पनि गर्न सक्छु`
न छोड़नु थियो अञ्जान बाटो मेरा कलिला पाइलाहरू
न पठाउनु थियो निःसङ्कोच पशु जस्ता मान्छेहरू माझ
खेल्न, झेल्न, पेल्न, ठेल्न,
खेलिमागिन, झेलिमागिन, पेलिमागिन, ठेलिमागिन
म खेलिएर दुषित बनें
म झेलिएर पिड़ति बनें
म पेलिएर घृणित बनें
म ठेलिएर बहिष्कृत बनें
भन त ए साथी हो !
म कसरी सहन सक्ने थिएँ त्यत्रो अत्याचार !
उता हेर्यो- निरूपाय मेरा साथीहरू
यता हेर्यो- निरूत्साह मेरा सङ्गीहरू
कोही जर्जरित, कोही खण्डित, कोही वहिष्कृत
कोही अपहेलित, कोही वाधित, कोही तिरष्कृत...
हो पिएँ .., मेरो पिएँ, खाएँ...मेरो खाएँ
उडाएँ... मेरो उडाएँ, के बिराएँ र मैले !
म हुनु नहुनुले यो समाजलाई के फरक पर्छ र
म जिउनु नजिउनुले यो परिवेशलाई के फरक पार्छ र !
हो, त्यतिबेलै मेरो बाटोमा तगारो लगाएको भए
उतिबेलै मेरो खुशीमा लगाम कसेको भए त्यही समय
जतिबेला तिमीले मलाई बाहिर विचरण गर्न खुला छोड़िदिएका थियौ

जतिबेला तिमीले मेरो स्वतन्त्रताको उद्घोषणा गरिदिएका थियौ
जतिबेला तिमीले आफ्नो रवाफको पताका उड़ाउन थालेका थियौ
हो... त्यतिबेलै मैले गलत बाटो पहिल्याइसकेको थिएँ ।
जब म शुरूमा ढिलो घर आउने गरेको थिएँ
त्यसपछि घरै आउन छोड़िसकेको थिएँ
म बिग्रिसकेको थिएँ
खोई कहाँ पाएँ मैले तिम्रो अभिभावकीय संरक्षण !
खोई कहाँ छुटिएँ म तिम्रो पकड़बाट
खोई कहाँ पुर्यायौ तिमीले मलाई बाटो बिच ल्याएर
र यतिबेला पछुतो गर्छौ?, म बिग्रिसकेको छु
म केही अर्कै भइसकेको छु
अब गुन्द्रुकबाट साग बनाउने कोशिश नगर
अब अम्लेट्बाट अण्डा बनाउने घृष्टता नगर
यतिबेला म संसारलाई रङ्गमञ्च देख्दैछु
त्यहीं माथि' माथि हावामा वेवास्ता उड़िरहेको छु
उन्मुक्त स्वतन्त्र निमग्न
एउटा अँध्यारो गल्लीको कुनामा बसेर
त्यो उज्ज्वल भविष्यको कामना गर्दै
अँध्यारो वर्तमानको लगातार खेती गरिरहेको छु
किनकि यही अँध्यारो मेरो संसार हो अब'
जहाँ म निस्फिक्री बाँच्न चाहन्छु।
आउ न छेउमा प्रियजन!
खै लेऊ लेऊ 'एक कश तानौं !!!

*(सिक्किम)*

# समय अनि सड़क



**– रचना 'अनाकार'**

मेरो 'ए पजिटिभ'
रगतको धाराबाट पोखिएको
'हेमोग्लोबिन'-को रङ मिश्रित
एक टुक्रा गुलाबी आकाश
समानान्तर दौड़िरिहेछ सड़कसितै
ज्यामितीय सत्यता...!

समानान्तर रेखाहरू
कहिल्यै भेट हुँदैनन्
'हेट्रडक्स' सपना अनि
'अर्थडक्स' यथार्थ जस्तै
समानान्तर अनन्ततासित...!

सड़क
भाराक्रान्त छ
एक चोइटा मुस्कान अनि
मिठो शैशवको आशमा
लाम लागेका हतभागी नानीहरूको
काँचो सपनाको बोझले,
सड़क
भाराक्रान्त छ अझ
छली पुरूषहरूका बाँझो कसम अनि
उदास नारीहरूका विदीर्ण आशाको
भारले ।

अर्कोतिर ..
शताब्दीयौंदेखि
अकथित शब्दहरूको शवपेटिका
घिसारिरहेछ प्रतिदिन
सड़कै सड़क समयका पाङ्ग्राहरूले,

समय एक कुशल चित्रकार...!
आइन्सटाइनको 'सापेक्षवादको
सिद्धान्त'
न्यूटनको 'गतिका नियमहरू'
पाब्लो नेरूदाका 'प्रेम गीतहरू'
मिश्रित छन् समयको रङदानीमा,
तूलिका उठाएर समय
जथाभावी रङ्ग्याउन थाल्छ पुनः
सड़क, हावा, आशा, विश्वास, भ्रम ...
अनि फेरि
समय हिँडिदिन्छ
लापरवाहीसित सड़कै सड़क
एक अनादि चिरस्थायी यात्रामा
सङसङै हिँड़रिहन्छन् समय र
सड़क
विश्वव्यापी सत्यता...!

*(खरसाङ, दार्जीलिङ)*

# सेल्फ पोर्ट्रेट: भ्यानगगको कान



– **रवि रोदन**

क्यानभसमा
प्रे
मी
ल
गाउँ
झुल्किन्दै गरेको घाम
फैलिएको नीलो आकाश
सिमलका भुवाहरू जस्तो
बादलका थुम्काहरू
चिरबिर्र चराको गीत
बग्दै गरेको मन्द हावा
खोलाको सङ्गीत
लहलह पहेंलै

धान पाकेको खेत
मगमगाउँदै गरेको सुनगाभा
र, पुतलीहरूको इन्द्रेणी पखेंटा
..........हो, भ्यानगगले
खेत अघि उभिएर कोर्ने नक्साहरूको
फेरिहस्त यी सब नै थियो
भाँचिएको खाटबाट
छरपस्टिएको कुची
र बेनाम रङहरूको
भीडहरूबाट
त्यसै कोठाको सानो झ्यालबाट
भ्यानगगले
आँखामा मायाको अक्षर सजाएर
हाँस्न सिकेको हो प्रेममा डुबेर
कोरेको हो रङ कविताहरू.....!!
कुरूप आँखाहरू पनि फुट्छन्
जब प्रेमीहरू प्रेम गर्न
प्रे
मी
ल
गल्लीहरूको घुम्ती हिड्न थाल्छन्
त्यतिबेला.....मुटुको धमनीहरूबाट
रगत बेस्सरी कुद्नु
धुकधुकी ज्यादै बढ्नु
उनलाई देखेपछि
एउटा अर्कै संसारमा पुग्नु लाग्छ
प्रेम फस्नेहरू, प्रेममा डुब्नेहरू.
ऐना अघि उभिएर आफैलाई हेर्दा
उसको जोवनै गुलाबी हुन्छ
ऊ, प्रेममा लड्छ, हो
भ्यानगग पनि प्रेममा लड्यो
त्यस साँझ मास्तिर उक्लिएर
उ सानीलाई यति भन्न पुग्यो
'सानी तिमीलाई म औधी नै माया गर्छु'
.........??????
सानी हाँसी र भनी
ःतिमी मलाई साँच्चै प्रेम गर्छौ ?
कसरी पत्याउँ...??
'मलाई तिम्रो कान काटेर दिन सक्छौं त. !'
.........., रगतसरि, भ्यानगगको हात
र, एकपटिको कान
हातमा चुडिएको कान पत्क्रेर
सानी अघि ठिङ उभियो, भ्यानगग
..................
सानी गर्लमम ढली भुईँमा र बेहोस भई
भगामभाग, अफरातफरी
...नेपथ्यबाट .बहुला, पागल सनकी...
यही शब्दहरू भ्यानगगको
कानमा ठोकिएको हो
.........., दिमाग खुस्किएको चित्रकार
यी शब्दहरू ...., बुच्चिएको कानमा
ठोकिन्दै थियो
भ्यानगगको, भ्यानगग
आफ्नो प्रियेसीको गाला मुसार्दै
थियो.....!
अर्को बिहान, खेत अघि
टाउकोमा फेटा बाँधेर
भ्यानगगले
प्रे
मी
ल
गाउँको विचित्र नक्सा कोरयो
क्यानभसमा, घाम थिएन
चराहरू थिएन
बादलका थुम्काहरू थिएन
नीलो आकाश थिएन
धान खेत थिएन
................
भ्यानगग आफ्नै चुडिएको कान

हातमा लिएर
आफ्नै नक्सा कोर्दै थियो
भुल्लकड चित्रकार
आफ्नै अनुहारको अक्षर बिर्सिएर
अलमल्ल थियो
यस्तो हुनुपछि त्यस साँझ
सानीले यसो भनेको सुनेछ
कस्तो बहुला मान्छे त्यो,
त्यसको न रङ न रूप
त्योसित नि प्रेम गर्ने हो,
म त उबाट भाग्न चाहन्थेँ
बेनाम बेरङहरूको
बिम्ब क्यानभसमा, पोतेपछि
केही बेर पश्चात ...,ड्याङ...........
ड्याङ........., ड्याङ..............
एक हुल गुड फिर्दै गरेका
चराहरू हच्किए
भ्यानगगको लडेको टाउकोमा
पिस्तोल थियो
क्यानभसको
त्यो
प्रे
मी
ल
गाउँको नक्सा लापता छ
कान पत्क्रेर बनाएको त्यो क्यानभस
चोरी भएको छ
पाउनु भए खबर गर्नसोस्
त्यो नक्सा, सानीलाई देखाउनु छ
उ आज बिहानै मेरो
छरपस्टिएको कुची रङहरूको कोठामा
त्यो नक्सा खोज्दै आएकी थिई सानी
उसले नै भनेको हो मलाई
भ्यानगगको लभ स्टोरी ‼
घढ, मलाई नचलाऊ

*(गान्तोक, सिक्किम)*

# अजङ अजिङ्गरले



– **राजु 'हिमांशु'**

समय त त्यही हो नि
उहिले पनि अहिले पनि
एक दिनमा चौबीस घण्टा ।
तर कुन्नि किन कसरी हो !
अचेल, मन्द हावाको कानेखुसी !
पातहरूको सिम्फोनी !
झरनाको सुरिलो स्वर !
सुन्न पाएकै छुइनँ
ताराको फूलहरूले सजिएको आकाश !
शीतलताको पछ्यौरीले अनुहार
छोपेको जून !
हेर्न पाएकै छुइनँ ।
घरीघरी म्वाइँ खाएर

चट्टानलाई फकाउने
छालहरू ! तरङ्गहरू ! लहरहरू !
सुमसुम्याउनु पाएकै छुइनँ
कति टाढ़िएछु नि म माटोको स्पर्शदेखि पनि !
ठण्डा महिनामा छानामा बग्दाबग्दै जमेको शीत !
ढ्वाङको गोलाकारमा बनिएको बरफको नाङ्लो !
खै, अब त देख्न र छुन नै नपाइने भयो
तातिएर पृथ्वीको छाती
प्रदूषण र रेडिएसनको बाक्लिँदो भीड़मा
सञ्चोले सास नै फेर्न सकेको छैन
मलाई नै सास दिने प्रकृतिले
अहो !, मलाई भने
मेरो एकान्तबासमा पनि
खप्ल्याक्क निलिसक्यो
मान्छेले नै बनाएको
आर्टिफिसियल इन्टिलिजेन्सको
अजङ अजिङ्गरले ।

*(डाउहिल, खरसाङ)*

# म जाँदैछु मसानघाट



– **राहुल राई 'बोगिको'**

मलाई मेरो पुर्खाहरूको
चिहान कोट्टयाउनु छ
लगत्तै त्यो हड्डी करङलाई सोध्नु छ
अनि ती खोपडीहरूलाई जाँच्नु छ
जुन बेला हाम्रो एकता र उन्नतीको
प्रगति नै प्रगतिहरू थियो
हामी एकै सुत्रधारका जात थियौं
आज मलाई उनै पुर्खाहरूलाई
सोध्न मन छ, इन्टरव्यु लिनु मन छ
हाम्रो मिलाप कस्तो थियो भनेर
मलाई रा.........ती मध्य बाह्र बजे
सुनसान सुनसान मसानघाट जान मन छ

भूत प्रेतसँग बसेर गफ गर्न मन छ
घाटको मध्यरातमा पूर्खाहरू
वर्तमानको छलफल गरेको सुन्न मन छ
अनि उनीहरूसँग
पिँढी दर पिँढीको चिन्तन गरेर
हजारौँ योजना बनाउन मन छ
यसैले अब म जाँदैछु मसानघाट
चुपचाप एक्लै, नाङ्गै
ए वर्तमान म नफर्कन सक्छु
प्याट्टै मुटु फुट्न सक्छ
स्याप्पै रगत चुसिन सक्छ
सातो मात्रै गई मुर्छा परेँ भने
फर्केर आउनेछु सुनौलो बिहानीसंगै
उदाङ्गो, नाङ्गो,समाजलाई
मानवताको चेतनाको यन्त्र लिएर आउनेछु
कि.. म नाङ्गै फर्किनेछु
कि म इतिहासलाई फर्काई ल्याउने छु

*(मणिपुर)*

# हराएको मानचित्र



– **रोशन राई 'चोट'**

देशले रगत माग्यो रगत दिए
देशले मुटु पनि माग्यो मुटु पनि दिए
तर देशले मलाई  मानचित्रभित्र राख्न मानेन
एउटा अभागी आमा जहिल्यै
मलाई  देशको मानचित्र सोधिबस्छन्
बिडम्बना ! म देशभित्र आफ्नै देशको
मानचित्र खोजी रहन्छु
कोही बेला म मेरो बूढो बाउको
खुइलिएको तालुमा देशको मानचित्र देख्छु
कोही बेला विधुवाको भत्किएको सिउँदोमा
देशको मानचित्र देख्छु

कोही बेला देशको निम्ति बलिदान हुने
शहीदहरूको उत्सर्गमा देशको मानचित्र देख्छु
तर, चिनेन देशले मेरो बूढो बाउलाई
चिनेन देशले विधुवीको भत्किएको सिउँदोलाई
चिनेन देशले बलिदान हुने शहीदहरूलाई
आज देशको मान चित्रमा हराइरहेको छ मेरो गाउँ
गाउँलाई उज्यालो पार्ने बाजेको अनुहार
पुर्खाहरूलाई सम्झने लोक गीत र लोक कथाहरू
साइनोहरू समाल्ने मातृभाषाहरू
हराएको मानचित्र जस्तै भइसक्यो मेरो अनुहार
यो देशभित्र देशले नै चिन्दैन
शरणार्थीको डाम बोकेर
आफ्नै देशभित्रै आफैलाई चिनाउनु पर्ने
बाध्यताको पहाड बोकेर
अझै पनि मेरो मानचित्र हराएको देशमा
म हराएको मानचित्र खोजिरहेको छु

*(दार्जिलिङ)*

# उत्सर्ग



– **डा.लक्खीदेवी सुन्दास**

तिमीले गरेको उत्सर्ग यहाँ
यी कन्दराहरूले देख्ने छन्
रगत पसीना एक गराई
हाड़हरूको पर्खाल बनाई,
अंजुली आफ्नै मांस-पिंडको
कथा इतिहासले साँच्ने छ
देखोस् नदेखोस् यो वर्त्तमान
भावी पीढ़ीले देख्ने छ ।
नभन तिम्रो उत्सर्ग यहाँ
जङ्गली फूल झैँ मर्ने छ,
न भन तिम्रो सिद्धिएको आयु
मूल्य विहीन नै चुक्ने छ,
हिसाब-किताबको यस युगमा
चुक्ला मूल्य एक एकको

चिसा उद्‌गारको ठाउँ छैन,
नभन यसको उद्धार छैन
कहीं कसैले छद्म वेशमा
तिम्रो इतिहास लेख्दै छ,
तिम्रो सिद्धिएको आयुको
एक-एक मूल्य चुक्तै छ
यसैले न हार, न भाग,
उत्सर्ग गर, उत्सर्ग गर
तिमी जीर्ण-शीर्ण खिइदै जाऊ,

मक्किँदै मक्किँदै भक्किँदै जाऊ
सिपाही प्रहरी जवान देशको,
न सोंच यो उपलब्धि कम् हो,
मृत्युपछि पनि बन्छौ शहीद
उपाधि, तकमा, सम्मान-पत्र पनि
पाउँछौ वीरत्वको आमेट् छाप
तिमी देशका कर्मठ वीर,
देश वीर, त्यागका प्रतिमूर्ति
चाहिएन कोही, जहान आफ्ना,
वसुधैव कुटुम्बकम्
रगत पसीना एक गराई
देश गौरव तिमी बन
उत्सर्ग गर, उत्सर्ग गर
तिम्रा छातीका टलकदार ब्याज
तिम्रा कल्कीदार ढल्के टोपी,
पालिशदार बूट पट्टी,
तिम्रा शानका परेड खेलाइ
तिम्रो शानको हिंडाइ-बसाइ
तिम्रो मृत्यु कहिल्यै छैन,
अडिग हिमाल झैँ अजर-अमर
सुरक्षित इतिहासको पाता
तिमीलाई,
सम्वेदना, शुभकामना राशि-राशि
लाखौं लाखौं मुटुका भावना
तिमी होम्मिँदा युद्ध-वेदीमा,
यहाँ ऋचावेदका ध्वनिहरू
यसैले तिम्रा त्याग तिम्रो बलिदान
नगण्य होइन, नचुक्ने होइन
तिमी वीर !, उत्सर्ग गर ! उत्सर्ग गर

*(दार्जीलिङ)*

# गन्तव्य खोज्दै



– **लक्ष्मी 'मिनु'**

स्वछन्द विचरण गर्दै
उडेको पंक्षीलाई देख्दा
सको उन्मुक्तताको
उचाइहरू, नाप्न मन लाग्छ
अथाह इच्छाशक्तिले
उसको सुन्दर उडान
निष्कपट र सामीप्यता हेर्दा
थाकेको अनुभव गर्छु
सोचेको हुन्छु, सोचिरहन्छु...
म पनि, त्यो उचाइ
नाप्ने प्रयास त गर्छु
तर,, प्रयास निष्फल हुन्छ किन ?
सायद, मेरो उन्मुक्तता
निष्कपटलाई
यथार्थरूप दिनु पहिल्यै
परतन्त्रता, कपटक
दलदलमा धकेलिदिन्छ
म पुनः एक भएर
यो मायाजालको पखेटा ओडी
छटपटाइरहन्छु
तर, संसारको यस विषयोपयोगमा
यथार्थ खोज्नु,
श्रमबाट वञ्चित हुन्छु
अनि, यो निश्चल र पवित्र धरातलमा
यो अभिशाप मेटाउन म
दौडिरहेको हुन्छु गन्तव्य खोज्दै ..

*(आइजोल, मिजोरम)*

# भाषा बचाऊँ



– **विमल खतिवडा 'माइला'**

छ भाषा भने बाँच्छ अस्तित्व हाम्रो
कहाँ पुग्छ भाषा त बोलेर राम्रो
सबैले बुझ्केको भएसी महत्वै
तबै पो हुने भो जगेरा त धेरै
कसोरी बुझाँऊ कुरा यो पिँढीमा
नजानी कसोरी चढ़ौला सिँढ़ीमा
विदेशी कुरामा रमाई भुलेछौ
कुरीती त संस्कारमा पो हुलेछौ
कहाँ सानु हौला र बोलेर भाषा
अझै बढ्छ हाम्रो त जान्ने जिज्ञासा
नत्र हेर है भानुकै जीवनै पो
गरेरै त सेवा यसैको बितीगो

यही कामना हो त मेरो जनैमा
मिलेरै नि पालौं न माया मनैमा
नबाँचे त भाषा नि भोली धरामा
विष लागिजाला नि हाम्रै जरामा

(सिलगढी)

# सुसेली



– **सङ्गम 'सुधा'**

सुसेली फुक्दै उकाली चढ्दैछिन् ठूली -
खाली पैतालाको सुस्त चाल छ
र थाप्लोमा एक ढाकर सपनाको भारी
त्यस सुसेलीमा वियोगको र सङ्घर्षका
गीत पनि कताकता सुनिन्छ
र, बुझ्न सकिन्छ
अनुभवी मनका चोटहरू
आफ्नैले दिएका खोटहरू
निधारका पसिना औँलाले स्वाट्ट पुछी
आफ्नै लुगामा हात बटारेर पुस्छिन् र सम्झिन्छन्
आफ्नो प्रतिष्ठा दाउमा राखेर
आत्माभिमान ढल्न नदिएका क्षणहरू,
हुन त समाजले उहिले नै डाँडा नघाएको हो
अहिले ठूलीको मुहारमा
जुन मुस्कान देखिँदैछ नि
त्यो नै ऊ सत्य भएको प्रमाण हो
र, सुसेली आत्मशान्तिको अनुध्वनि

*(कालेबुङ)*

# म रून्नँ...........!




– **सावित्री सिंह (सुन्दास)**

आँखा खोल्नासाथ उषाको
हास्यरंजित
मुखारविन्द मैले देखें -
सन्ध्याको कालो अनुहार देखेर
म रून्नँ...........!
मध्यान्ह सूर्यको आलोज्ज्वल
किरणकोप्रबल प्रताप मैले देखें,
दूबोमाथि टल्किने मोतीझैं
रजनीको आँसु हेरीम रून्नँ...........!
स्वेताङ्ग चन्द्रको, धवल प्रकाशको
अपूर्व छटा मैले देखें,
अमावस्याको कालो अन्धकार
हेरेर, म रून्नँ...........!
रंग-विरंगी किरणले हिमालयको
श्रीपेच चम्की गौरीशंकर हाँसेको
देखें, कुइरो ड्याम्म ढाकेर रोइरहेको
शोकातुर दृश्य देखेरम रून्नँ...........!
नव विकसित कलीको ओंठमा
अशेष मुस्कानको अक्षय भंडार देखें
फूलको ओइलिएर झरेको
सुकेको पातलाई देखेरम रून्नँ..........!
सुन्दर उर्बरामा हरियोपन भरी
मनोहर बन हाँसेको मैले देखें,
शिशिर ऋतुको आगमनले गर्दा
रोइरहेको बन देखेर म रून्न...........!
बाल्यावस्थाको स्वस्थ-जीवनमा
अपूर्व सुख स्वर्गीय आनन्द देखें,
वृद्धावस्थाको त्यो कङ्काल -
कायालाई हेरी म रून्नँ...
नौनीझैं मुलायम शैय्यामा सुतेर
आनन्द लुटेको मैले देखें
सुगन्थ त्यागी कुपन्थ लागेर
सर्वस्व नष्ट भएको देखेर
म रून्नँ...........!
जन्मोत्सवको सुखमय हर्षोल्लासको
विचित्र विकासलाई देखें,
दन्दन् दन्केको जल्दो चितालाई देखेर
म रून्न.......म रून्नँ.......!!!

*(दार्जिलिङ)*

# काइँला बाजेको इच्छापत्र



– **सी. के. श्रेष्ठ**

हिजो राति
तल दिलमाई चिया बगानको
माथिल्लो धुरा गाउँ बस्ने
काइँला बाजे खसेछन्
खसेछन् के भनौं ...
चढेछन् भने शायद ठिक पर्ला
कारण उनको त्यहाँ
अझ तल खस्ने
ठाउँ नै त थिएन, जे होस्
बाजेको अन्तिम सम्चार यही थियो
मर्नअघि ..., यो बर्को -
सिमानामा लड़िरिहेको मेरो जेठोलाई
शत्रुको गोली छेक्न नसके पनि

मर्ने बेलामा
बाबुको एक अङ्गालो
न्यानो त पाओस्
त्यल्ले ! यो खुकुरी -
साहुकोमा गोठालो बसे
को माइलोलाई
पुर्ख्यौली चिनो हो
जताभावी नहिर्काउनु भन्दिनू
अनि कान्छोलाई ...
यो चुहुने छाप्रो, कराई
दुई देक्ची बिना ढकनी
अनि यो जाँड़ छान्ने छपनी
आँखाभरि सपनी र मुटुभरि पीर
म आफै बोकी जाँदैछु
म आफै नै बोकी जाँदैछु ...
अँ ... नबिर्सी भन्दिनु है एउटा कुरा
मेरा शाखा-सन्तानहरूलाई
काइँला बाजेले भन्दैथ्यो भन्दिनू
भन्दिनू भन्दैथ्यो काइँला बाजेले -
"त्यो चियाको बोटमा
रूपियाँ फल्ने खबर चैँ
सबै झूटो रहेछ !
सबै झूटो रहेछ !!"...

*(कालेबुङ)*

# गुगलको संसारमा सुनमाया



– **सुकराज दियाली**

सुनको फूल टिप्ने
सुनमायाको माया र छायाँ
गहिरो पोखरीको पानीमा टल्किँदैछ
त्यतिबेला जून हाँसेन
बादलभित्र जून लुकिरह्यो ।
बादलभित्र लुकाचोरी खेल्ने घामले
सुनमायाको जिन्दगानी देखेन
घाम, जूनले डढेको अनुहारलाई
कहिले काँही सुनमाया
बिहान बेलुकीको समय छोपेर
सस्तो ऐनामा अटाएर हेरिरहन्छ
त्यतिबेला सुनमायाले आफैलाई सिँगार्छे
उसको अनुहारमा सुकिसकेको रगत
शरीरबाट आएको तातो पसिनाको वाफबाट
टेलिभिजन विज्ञापनमा टाँसिएको
महँगो दाममा बिक्री हुने
सुनको फूलको झरिलो भरोसा
एक कप चिया पिउँदै
मरीमरी हाँसिरहेकी छे
एउटी तरूणी सुन्दरी
विज्ञापनको पर्दामा हेर्दै
थकान मेटाइरहेछ
रातो चिया मगभरि लिएर-सुनमाया
बाँचिरहेको समयमा के के सोचिरहन्छे ।
यो सप्ताहको खर्च, यो वर्षको बोनस
यसै वर्षको बडपैसा
कालो सप्ताह र सेतो सप्ताहको गणित
सम्झि सम्झि रातो चिया
एकघुडकी पिउँछिन्
बिर्सेकी छैनन सुनमायाले
चिसो चुल्लाहको ब्रेकफास्टै
रातो फिका चियासित निल्न
जाँतोमाथि घोप्टाएको टोकरीमा
दिनभरि दुई छाक भर्नुछ ।
कम्पनीलाई मुनाफा दिएर
अलिनो र फिका सपनाहरूले

भिजेको बर्साती
धुवाँसरिको भारमा सेकाएर
भोलि फेरि पुग्नुछ
हरियो सुनको बारीमा
सुनको फूल टिप्नलाई
सुनमायाको यो जिन्दगानी
गम्बुट र टोकरी
घुम र बर्सातीभित्र पार्सल भएको छ
सुनमायाको रगत र पसिना
गुगलभित्र रातो रङ्ग
चियासँगै खाँदिएको छ

*(दार्जीलिङ)*

# प्रश्न



– **सुदर्शन तामाङ**

अन्तै कता उडेर जाने चराले सखारै
झ्यालबाट आदिम अबोध्य भाषामा सधैँ
दुईचार पङ्क्ति सुनाएर मलाई ब्यूँझ्याउँने
कविताको अर्थ, कसलाई सोंधु म ?
धरतीको अँध्यारो मेट्न रातभरि जागो बसेर
आकासमा उद्दीप्त अक्षरहरूले
उज्यालोको कविता लेख्ने प्रेरणा
कहाँबाट पाउँदो हो, एक्लो जूनले ?
उन्मत्त बतासले सुनाएको
रमणीय कविताको छन्दको तालमा अग्लो
डाँडाको उभारमाथि लहरै उभेका लुङदरहरूले
कम्मर भाँच्दै नाच्ने, समूह नृत्यको रचना
कुन कोरियोग्राफरले गर्दो हो ?
उग्र चट्याङले गगनभेदी गर्जनाका साथ
कुन व्यवस्थाबाट वर्षाको माग गर्दै
आकासमा आगोले लेख्दो हो
क्रान्तिकारी कविता ?, निर्लज्ज हावाले छोएर
कामुक भएको उद्यानमा वैशालु वसन्तको
आगमनले विभोर भएपछि फुलको थुङ्गा-थुङ्गामा
किन फुलाउँदो हो समयले समर्पणको कविता ?
युगौंदेखि पद्मासनमा बसेका, तपस्वी पर्वतहरूले
कुन श्रोतालाई समर्पित गर्दो हो समाधिको
अथाह गहिराइबाट उनीहरूले वाचन गरिरहेका
मौन कविता ?जिज्ञासाको लालटिन बालेर
जब म यी प्रश्नहरूको उत्तर खोज्न निस्कन्छु
शब्दहरूले बीच बाटामै मौनता अघि
आत्मसमर्पण गर्दछ !

*(वीरपाड़ा, डुवर्स)*

# म बलात्कृत भएको रात



**– सुधा एम. राई**

आजकल
दिनप्रति दिन बढ्दै गइरहेको
आफ्नै पेट छाम्दै
अन्योलताहरूसित गुम्फित
त्यो क्षितिज हेर्दै
म टटोलिरहेछु ।
म बलात्कृत भएको रात
हो त्यो रात !
त्यसकी स्वास्नी काखमा बच्चा
च्यापी, बिनाशब्द रोइरहेकी थिई,
गाउँ-शहर खिँचातानी र दङ्गा
फसादले नीरवता छाएको थियो,
गल्लीका प्रत्येक झ्याल-ढोका बन्द थिए-
मूल सड़कको गल्लीमा खुल्लम-खुल्ला
त्यसले मेरो शरीरको तन्तु-तन्तु
भोकाएको सिंहले जस्तो चिथ्रा-
चिथ्रा पारेका,
यी नील डामहरू
शरीर र मनमा गढ़ेको
कसलाई र कसरी देखाउँ?
जब कि-
हिज शान्त्वना र शुभचिन्तकका
भलादमी अनुहारहरू
अर्कोतिर फर्काई
मेरै छेउबाट कुलेलम् ठोकेथ्यो।
त्यो रात
हो त्यो रात!
मेरो अचेतावस्थामा
गल्लीका एक दर्जन भुस्याहा
कुकुरले
मेरो अस्तब्यस्त शरीरलाई सुङ्दै
रात बिताएथ्यो।
मान्छेले मान्छे नपालेर
जन्तु पाल्ने प्रश्नका भ्रमहरू
मेरो मनबाट स्वतः हटेथ्यो ।

यो परिवेश
यो अनिच्छा,
यो असमेल पेट,
यो अथाह पीड़ा
प्रदुषणयुक्त सम्मिश्रण वातावरणमा
पुनःत्यही स्थिति दोहोऱ्याउने
मेरो पेटमा हुर्कंदै गरेको
यो पिलन्धरेनै
भावी पिड़ीलाई कसरी यै उपहार
भनुँ ?
तिनीहरूको अपेक्षालाई कसरी
पदच्यूत पारूँ ?
अनि
कसरी तिनीहरूकै पिताका म
शिकार हुँ भनुँ?
खोई

*(गान्तोक, सिक्किम)*

# एउटा सपना जस्तो



– सुमित्रा थामी 'अविरल'

केही लेखौं की ??
केही बोलौ की??
आह... होसै ...चुपचाप बस्छु

होस ... हेरी बस्छु
बरू ...पर्खी बस्छु
आह ...होसै ...चुपचाप हिडीरहन्छु

आखिर ...!
मौन बस्नु पनि  बातै त हो
हेरीरहनु भनेको पनि त पर्खाइ नै हो
हिडीरहनु भनेको पनि आखिर
आफू हुनुको अनुभव गराउन नै हो ।

आखिर कति लुकाछुपी खेलिरहन्छ
यी नाङ्गो रातहरू
अनि पोलीरहन्छ बेस्सरी यो छाती
मभित्र अल्झिरहन्छ
लाचारीपन, विवशता
अनि बेस्सरी हाँसीरहन्छ
आँखाको नानीको डिलमा
एक तलाउ आँसु

ती पर्खाइहरू
एउटा सपना जस्तो
बिहानीलाई शितको थोपाको पर्खाई जस्तो

अँ यहि नै हो प्रेम ,
अर्थात् प्रगाढ प्रेम ??

यदि हो नै भने
किन विश्वास डकमगाउँछ
किन सम्मान लडखडाउँछ

अनि भौतारिन्छ
जीवनका सुगम यात्राहरू
एउटा लामो सुस्केराहरूमा ।

*(दार्जिलिङ)*

# नफर्केका उनीहरू



– सुचन

पहाडबाट बिदा मागेर हिंडेका खोला
तल सागरमा पुगेर फेरि वाष्म बनेर
धरतीलाई चुम्दै-चुम्दै पहाडमै फर्कन्छ
चुचुराबाट खस्दिन भन्ने घमण्डको हिउँ
फेरि, तल तल समुन्द्रलाई चुमेर
हिमाल मै फर्कन्छ हिउँदका दिनमा

गुडँ छोडेर गएका गौँथलीहरू
फेरि अर्को वसन्तमा
आफ्नै गुडँ खोज्दै आइपुग्छन्
जो उनीहरू गएका छन्
अनि कसम खाएका छन् आउँदिन भनेर
फेरि फर्कन्छन् होला
एकदिन आफ्नै गोरेटो खोज्दै
आफ्नै जरा पहिल्याउँदै

*(कञ्चनजङ्घा राज्य विश्वविद्यालय, सिक्किम)*

# कविता : किन ? किन ?



– **शारदा स्टेफी**

मुखमुखसम्म आएर पनि
नाम लिन चाहिँ चाहँदैन भने बोलाउनु नै किन?
तिम्रै आँगनको डिल टेकिसकेको मनलाई
फेरि निरूत्तर फर्काउनु नै हो भने निम्ताउनु नै किन ?
यति सारो शीत युद्ध चलिरहेको रहेछ
मनभित्र तिम्रो व्यर्थै बाहिरबाट मुस्काउनु नै किन ?
जालझेलको दुनियादारी हो थाहा छ
शान्त मेरो मनको झिललाई चलाउनु नै किन?
मेरो उपस्थितिको लोभ चाहिँ लाग्ने
तर दुई शब्द कृतज्ञताको दिनै नसक्ने भएसी
कृत्रिमता देखाउनु नै किन?
मुखकै सोझो नाकलाई नि नदेखेसी
टाढाको मेहमानलाई मात्रै मेहमान ठान्ने व्यर्थै ढ़र्रा देखाउनु किन?
ठिकै छ सखी यस्तै छ दुनिया बैगुनी छायाँ
कसैलाई निचा देखाएर शान्त मन भन्छ भने तिम्रो
व्यर्थै मन पनि दुखाउनु नै किन?
लाग्छ समय आउनेछ एकदिन मलाई अँगालेर रूने
मेरो प्रेमको महत्वलाई बुझेर आत्मग्लानीले छतविक्षत हुने
थाहै छ यसैले त व्यर्थै हियाउनु नै किन??

*(बिजनबारी रोड, दार्जिलिङ)*

# क्याम्प उठ्यो



– हरिप्रसाद 'गोर्खा' राई

लौ बस्नुहोस् है, म ता जानुपर्यो
जीवनमा फेरि, नयाँ एक पर्दा झर्यो
क्याम्प उठ्यो, जानै पर्यो विदा पाऊँ
यो मनको एक चोइटोचाहिं
छाड़ी गएँ यसै ठाउँ
नमर्ने जीयालो सिपाही एक म हुँ
भन्न नहुने कहानी भनूँ कि न भनूँ
दूर अभिलाषा मेरो
एक रातको सम्झनाझैं
मिठास भरेर बगूँ
एक सानो भूलमा ठूलो केही हराएझैं
लोभनीय बनेर रहुँ
एक दिन आएथें यस शहरमा
दूर दार्जीलिङदेखि
जसको पृष्ठभूमिमा झल्कन्थ्यो
हिम-मालाको रेखी
बिहानको झुल्के-घाममा
सुवर्ण बहन्थ्यो
साँझ नील गगनमा
चाँदीझैं चम्कन्थ्यो
सल्लाघारीको बाटोमा
घैलामा पानी लिई,
जुहारी एक चरण
कान्छीले जोड्दथी
'एक पाते मकै दुइ पाते भए
कुटोले गोड़ेर
नेपाली सिपाही रेलैमा चढ़े
हामीलाई छोड़ेर' छाड़ी ती सब,
शिलाङ आइपुगेथें एकदिन,
कति रात कति दिन बिते
बितेझैं एकैछिन तर यहाँदेखि पनि
आज हाम्रो क्याम्प उठ्यो,
पल्टनैले आज यहाँ
अन्तिमबार हात चुठ्यो
लौ बस्नुस् है भई आबाद
हामी ता जान्छौं काश्मीर
कि हैदराबाद आएथें यहाँ एकदिन
ठान्दथें यहीं रहुँला चिरदिन '
फककरगेट मी नककट'
(Forget me not)
आरूको बोटमा कोपेथें
'एप्रील लीली' को फूल
ब्यारेकको सामु रोपेथें
'फेन्सिङ'ले बारेर, आशा थियो
एकदिन फुल्नेछ ढकमक्क
जस्तो आराधुरामा
फूल फुल्दथे फत्रक्क
एप्रील लीलीको फूल र तिमीलाई
अनि आफै बग्दै आउने आफाली
'वाटर हैयासिन्थ'
(Water Hyacinth)-लाइ
हेर्न औधी मलाई मन लाग्दथ्यो,
हेर्दथें पनि जति हेर्यो उति झन्

प्यास जाग्दथ्यो !
'लीली' को पातमा शीतको थोपा
अनि तिम्रा दुइ आँखामा आँसु
आहा ! कति सुहाउँदथ्यो !!
विदा लौ शान्ति ! विदा लौ बीरे !
विदा लौ मित्र धन !
विदा लौ मनु !
खोइ तिमीलाई के भनूँ
आउँदैन अब झन्
भूई छोप्ने बादलले
ग्वाम्म छोपेको दिन,
स्मृति मात्र परिचयको
यो मनको कन्तुरमा
राखूँ किन ? विदा लौ हरि !
मेरी कल्पनाकी परी
सौन्दर्य्यकी रानी, ममताकी खानी
मेरी दिदी !
सबलाई विदा, अब विदा
'अलविदा' मौनताकी मूर्ति
मेरी सीता !
राम्री देविका तिमीलाई बाँधी
राख्नेछु मेरै कहानीमा,
छुच्ची माइली तिमीलाई सदा
भेट्नेछु मेरै मौनतामा
अब को रह्यो ? अरे आइस् तँ पनि
हँ रामे ? "हें हें दाजी" भन्दै सलाम
नदे नदे मत हिंड़ें अब
ख्याल छ कि अरे गधे ?
तर रामे, तँलाई याद
राख्नेछु यो मनमहाँ
आज, भोलि, सधैं, पुगे पनि म
यहाँ वहाँ जहाँ तहाँ
हाँ सुना-कुरूङ् छाँगो
हेर्न जाँदा साथ दिने
बैनीलाई नमस्ते भन्दिए
ऐनाको झ्यालबाट चियाउनेलाई
यी चीजबीज गन्दिए ।
लौ त 'बिकुल' (Bugle) बज्यो
जान्छु हुनु 'फा'ल इन' (Fall in) ।
नेपाली नपुगेको कहाँ होला र?
फालिन वा आफालिन !
बूट जुत्ताको ग्रप्प ग्रप्प
गाड़ीको गर्जन भूर्र भूर्र
'सिक्स टनर' (Six tonner) छः
चक्केमा
जाँदैछौं हामी हुर्र हुर्र
कठै सम्झना आँउदछ सुर्र सुर्र-!
कति मनु मारिए मर्मामा
कति दनु छाड़िए बर्मामा
क्याम्प उठ्यो चलिजाने म हुँ पल्टने
हो ता पल्टिनेछु एकदिन
म पनि रणभूमिमा कि कता-कता !
हो ता मेरो लाशमाथि
फुल्नेछ एक थुङ्गा थुङ्गे फूल
बहु वर्षपछि
कोही परदेशी यो बाटो हिंड्दा
फूलबारी भनी पर्ला भूल।
जिरिङ् ठिंग हाड़खुड़ले मेरो
बताइरहला अपूर्ण कहानी !
तर नमरून्जेल
'आयो गोरखाली' मन्त्र गाउँदै
पुग्नेछु म कता कता
लौ त विदा पाऊँ
अन्तिमबार सीता !
मेरो छेउमा आउ यता

*(नागाल्यान्ड)*



# समान संस्कृतिका म्यान्मा–नेपाल



– अशोक घिमिरे

म्यान्माको इतिहास संस्कृतिकला उत्थान बगान हो
पाली संस्कृत मूल मिश्रित हुँदै उत्पत्ति भाषा छ यो
मिङ्गलाबा शुभ मङ्गलम् कथन यो भेट्मा नमस्कारको
मिल्दो संस्कृति शृत्ला गजबको म्यान्मा र नेपालको
म्यान्माराष्ट्र छ बुद्ध शासन सदा सम्बन्ध हो लुम्बिनी
भाषा जाति थरीथरी बहुल छन् भूषाकला मोहिनी
प्राची आर्ष महोत्सवादि दुइकै हो एउटै भावको
मिल्दो संस्कृति शृत्ला गजबको म्यान्मा र नेपालको
स्वर्ण चैत्य छ श्वेडगों चहकिलो रङ्गुनको शान हो
लाखौं चैत्य विशाल देशभरमा त्यो बुद्धको मान हो
शाला मूर्तिकला विहार गजुरै शैली छ नेपालको
राम्रो संस्कृति शृत्ला गजबको म्यान्मा र नेपालको
विद्या दातृ सरस्वती भगवती लक्ष्मी गणेशे पनि
होरा ज्योतिष वास्तु नौग्रहहरू दिक्पाल मान्ने अनि
पूर्वी दर्शन बुद्धधम्मपद जो आचार संस्कारको
मिल्दो संस्कृति शृत्ला गजबको म्यान्मा र नेपालको
बर्माराष्ट्र प्रसिद्ध नाम अहिले साम्राज्य म्यान्मा भयो
नेपाली जन शुद्ध बुद्धकुलका गोर्खा भनी मानियो
मैत्री सन्धि रहोस् समानहितको व्यापार सम्बन्धको
साझा संस्कृति विश्वमा अमरहोस् म्यान्मा र नेपालको
माया लाग्छ अथाह जन्मथल हुन् भूस्वर्ण म्यान्मा धरा
मैले भुल्न मिलेन पैत्रिकथलो नेपाल आमा धरा
म्यान्मा जीवन हो शरीर सुखहो यै भूमि सर्वस्व हो
म्यान्मा हो व्यवहार भौतिक सबै अध्यात्म नेपाल हो

*(थाइल्याण्ड)*

# गुलाबी रङको आकाश



– **कुसुम गौतम**

धान फल्ने खेतीमा
चामलको अभाव देखिँदै छ
यहाँ, विराम लागेको छ
सङ्लो ऐरावतीको प्रवाहमा
खिल परेका छातीमा
सन्तानका आलो रगतले
लत्पत्तिएका घाउहरू, सुम्सुम्याउँदै
असहाय एक अबला नारी झैँ
शोकाकुल छिन् धर्ती
कहाँ स्वच्छ छ र आकाश पनि
हाम्रो छानामाथि
सधैँ सधैँ मुस्कुराइ रहने
शान्ति प्रिय जून, ताराहरू
सभ्यता डगमगाइरहेको
आकाशबाट सधैँ सधैँका लागि
अन्तै कता बसाइँ
सरिसकेका हुन् त !!!
तर..... , कसले दिन सक्ला र
यी प्रश्नहरूका उत्तर !
घुमिरहेको समयचक्रले
एउटा अन्तिम निर्णय
नलिएसम्म, उज्यालिने छैनन्
हाम्रा छानाहरू
कालो धुवाँको मुस्लो बाहेक
अन्तरिक्षमा अन्य रङ्गो
आगमन निषेध छ
किनकि, रङ्नै रङ्ग दुश्मन
बनिरहेका छन् ।
खै अब कसरी लेखूँ
'गुलाबी रङ्गो आकाश' का अवशेष
कथाहरू

यहाँ त केवल आँसुमा कलेटी परेका
गालाहरू छन्
तिर्खाले सुकेर चिरिएका ओठहरू छन्
भोकले चाउरी परेका पेटहरू छन्
चप्पल विनाका कलिला पाउका व्यथा छन्
परिवारसँग विछोडिएका
युवाहरूका कथा छन्
वृद्ध अभिभावकका अधुरा सपनाहरू छन्
....र छन् त केवल डढेलोमा होमिएका
भग्नावशेषका कुरूप दृश्यहरू
युद्धका पाइलामुनि
अस्तित्व मेटिएका पाठशालाहरू छन्
मन्दिरहरू, विहारहरू, गिर्जाघरहरू छन्
.र छन् त केवल आस्थाहीन मनहरू
अब त कलमबाट मसी हैन
रगतका छिंटाहरू उछिटिन थालेका छन्
शब्द शब्दमा अलङ्कार हैन
वेदनाका चित्कारहरू
मुरमुराउन थालेका छन्
अँधेरो समयको उपस्थितिमा
कहिले अन्त होला
क्रूरताको यो नग्न इतिहास !
र...... फेरि कहिले लेख्न पाइएला
'गुलाबी रङको आकाश' का
अवशेष कथाहरू ।

*(टमू, म्यान्मा)*

# सुन्दरता



– **चन्द्रा पोखरेल**

घाम अस्ताउनु,
तारा खस्नु, मृत्यु हुनु
प्रकृतिको सबभन्दा
सुन्दर चीज हो
सुन्दरताले आनन्द दिन्छ
शान्ति दिन्छ
घाम डुबाईनु
तारा झारिनु
मृत्यु गराइनु
पृथ्वीको छ्यतीहुनु हो
यसले, संसार दुखाउँछ
अहिले, मेरे संसार दुखेको छ !

*(मोगोक, म्यान्मा)*

# सेटिङ



– **टेकनारायण रिमाल 'कौशिक'**

आएछ है सेटिङको जमाना बन्छन्
कुरा सेटिङबाट नाना
मथ्ने गिदी होइन भन्छ मान्छे
मिलाउनू सेटिङभित्र बाना ।
हुन्छन् ठुला कामहरू यसैले
मिल्छन् मिठा मामहरू यसैले
घुस्छन् घना दामहरू यसैले
चल्छन् बडा नामहरू यसैले ।
मात्रै कला सेटिङ जान्नुपर्छ
विज्ञान हो यो पनि मान्नुपर्छ
बाठाहरूको युग आजको हो
लाटाहरूको युग ता बिदा भो ।
लगानले सेटिङ गर्नुपर्छ
सलामले सेटिङ गर्नुपर्छ
चम्चे बनी सेटिङ गर्नुपर्छ
रून्चे बनी सेटिङ गर्नुपर्छ ।
विद्या कला शिल्पसँगै उपाधि
गर्दै व्यवस्थापन उच्च गादी
दिलाउँदै विस्तृत राज्यसम्म
गर्ला सखे! सेटिङले अचम्म ।
बाँझो नजोतीकन फल्छ अन्न
सिन्को नभाँचीकन पेट टन्न
उपायले सेटिङ जोड खाली
बत्ती गिदीको झलमल्ल बाली ।
पाइन्छ रे सेटिङबाट किन्न
समुद्र, मुद्रा गन टिङ्ङ टिङ्ङ
जाइन्छ रे सेटिङबाट चुम्न
आकाशलाई, सुरलोक घुम्न ।
जसो तसो मास्तिर राख नाम
बिल्ला बनाईकन नाम डा'म
छाती दह्रो वा फितलो छ छाम

जुक्ती गरी यो,पछिसम्म थाम ।
तानेर इन्द्रायुधबाट रङ्ग
स्युँदो सजाईकन प्रेयसीको
पर्दै सदा सेटिङदेखि दङ्ग
आनन्द लेऊ प्रिय ! जिन्दगीको ।
छ तथ्य यौटा सुन चित्तलाई
राख्नू सफा सुग्घर चित्तलाई

चाहिन्न केही पनि तन्त्र मन्त्र
न ता कुनै सेटिङ-आदि यन्त्र ।
उता छ आनन्द नसोच भाइ
जाने त हो साथ यही कमाइ
प्रारब्ध भोग्दै जप राम नाम
चल्दैन याँ'सेटिङले त काम ।

*(याँगौं, म्यान्मा)*

# प्रेम



**– तिलक पोखरेल**

तिमीलाई सम्झिँदा
यो गलाको कुनामा कताबाट हो
प्यासको मरूभूमि आउँछ
र, एउटा तिम्रो छायाँको आसमा
सास लिएको हुन्छु
सायद तिमीलाई थाहा छैन
यो हृदयभित्र वासना र स्वार्थी मिलेर
कोमलतामाथि प्रहार गर्छन्
यो कुरूक्षेत्रमा सायद म अर्जुन
तर छैनन् कोही कृष्ण बन्ने
घमासान युद्ध हुन्छ अतितका प्रहारले
घाइते बनाउन खोज्दा खोज्दै पनि
तिम्रो यादले मलम बनेर
युद्धभूमीबाट पछिहट्न साथ दिँदैन
कसरी प्रस्ताव राखुँ ?
के ले पेश गरूँ ?
तिमीलाई चाहनाको ताज महल
बनिसकेको कुरा
कसरी प्रस्तुत गरूँ ?
बेला बखत मुस्कुराउने गर्छु
के गर्दै होली भन्दै
बेला बखत रून्ने गर्छु
मलाई सम्झिँदै होली भन्दै
किन रोएँ ?
यदि मलाई नसम्झिए
भन्ने आशंकाको झरीले
मलाई निथरूक्क भिजाउँछ बिजाउँछ
त्यो नलागेको चोट
तिमीलाई बुझाउने नसक्ने कुरा धेरै छन्
जस्लाई आफैले पनि बुझिरहेको छैन
म आफ्नै पासोमा
अल्झिएको शिकारी हुँ
जुन पासोलाई फुकाउनु भन्दा
अल्झिरहनु बेश लाग्छ
तिमीलाई कस्तो हुन्छ नि ?
मलाई नभन है
आफैलाई जवाफ देऊ
तर देब्रेपट्टिको मुटु छामेर
सायद म त्यहाँ छु भने
तिम्रो उत्तरमा उत्ताउलो हुनेछु
र विश्वस्त पनि छु
मेरो उत्ताउलोको श्रेय
तिमीलाई नै जाओस्

*(मोगोक-म्यान्मा, हाल-थाइल्याण्ड)*

# कला

जीउ चलाएर
मन, मस्तिष्क गुमाएका
कठपुत्लीहरू बीच
मान्छे भएरै उभिन गाह्रो .......
स्वप्न देख्ने अधिकार
गुमेको थाहा पाएपछि
निदाउनुको अर्थै गुम्यो...
उथलपुथल सोंच ...
र, अचेतन मन सम्हाल्न
आफैंलाई साह्रो हुन त कुनै नयाँ होइन !
उही... पुनः दोहोरिएको मात्र न हो...
कल्पना गरेर छाप्रो टाल्न नसकिने रहेछ
दुई थोपा आँसु खसालेर
सहानुभूती दिन नसकिने रहेछ
निन्याउरिएको मुख देखाएर
काख भर्न नसकिने रहेछ...
ओठमा हाँसो छरेर
भोको पेट भर्न नसकिने रहेछ...
कतिपय घुम्तीहरूमा
लावारिस नाता गन्नु पर्ने रहेछ
त्यसैले छिथोरिएका रोदनहरू



**– दिपा राना**

कानका जालीमा अलमल छन्
भित्र या बाहिर जाने बाटो बिर्सिएर
भक्कानिएका शब्दहरू
आवाजमा परिवर्तन हुन बिर्सिएर
मुस्लो अन्धकार चिर्ने भोलीहरू
हिजोमा प्रवेश भएर
डढेलो लागेको जंगल सरह
वेवारिस पाइलाहरू
गन्तव्यहीन बटुवा बनेर
अज्ञात बिच झल्याँस्स सम्झेर
भिरेको झोला छाम्छु प्वाल परेछ
सबै गुमेछ जीवनको एउटा अध्याय
यतै कतै गुमेछ..आँखाले भ्याएसम्म
एकोहोरो नियाल्छु
खाली सडक... बाहेक......!

*(मोगोक–म्यान्मा, हाल–थाइल्याण्ड)*

# बाजेको बाकस

**– निर्मला पोखरेल**



एकदिन बाजेले
एउटा लकडी काटेर
बाकस बनाए
त्यसपछि सोचे होलान्
ए, मृत्यु त निश्चित पो रहेछ !
अनि, त्यस बाकसमा
वरिपरि रङले सजाए
त्यसपछि भने होलान्
ए, मृत्यु त सुन्दर पो रहेछ !
फेरि, त्यस बाकसमा
बुट्टेदार फूलहरूको
कलाले सजाए
त्यसपछि गमे होलान्
ए, मृत्यु त कलाजस्तै
शाश्वत पो रहेछ !

*(मोगोक, म्यान्मा*

# युवा र समाज



– **भीम पाण्डे**

युवा तिमी नै ध्रुवयुक्त तारा
समाजको एक तिमी सहारा
समृद्ध सम्पन्न तिमी बनाऊ
समाजलाई मनले सजाऊ ॥
अगाडि बढ्दै चुम लक्ष्यलाई
नफर्क गन्तव्य सुधा नपाई
उमङ्ग बोकी हिड मार्गठाउँ
सुवास छर्दै फुल मग्मगाऊ ॥
नँया र नौलो इतिहास कोर्दै
विशाल चट्टान पहाड फोर्दै
परिश्रमैले पसिना बगाऊ
सशक्त ऊर्जा तनमा जगाऊ ॥
छ शक्ति ई कर्मठ पाखुरामा
फुलेछ मोती शिर टाकुरामा
अरण्यमा जीवन ज्योति बाली
युवा तिमी नै बन एक माली ॥
अगाडि पुर्खा जति काम राखे
पवित्र गोर्खाजन नाम राखे
उनीहरूकै पथमा तिमी छौ
भविष्य कोर्ने रथमा तिमी छौ ॥

*(मिचिना, म्यान्मा)*

# ए मोबाइल ! तैँले यो के गरिस् ?



– **मधुसुदन भट्टराई**

टाढाका नजिकै भए, नजिकका सम्बन्ध टाढा भए
कोही ज्ञान सिकेर उन्नति गरे, केही त छाडा भए
बाह्रैमास मनुष्यको बिच बसी स्वच्छन्द बारिस् किन
ए मोबाइल ! के निमित्त तँइले मान्छे बिगारिस् किन
कोही दर्शनमा प्रदर्शन गरी सेल्फी खिचेछन्
यहाँ कोही बुद्धि भुटाउँदै विमतिले निष्ठा थिचेछन्
यहाँ फुस्रो नाटकमा उनेर कतिको उत्साह मारिस् किन
ए मोबाइल ! के निमित्त तँइले मान्छे बिगारिस् किन
कोही झूट बनावटी वचनका संवाद बोल्छन् अनि
कोही नाम कमाउने रहरमा दुर्भाव खोल्छन् पनि
व्यर्थैमा यस कृत्यले सुजनको सम्मान झारिस् किन
ए मोबाइल ! के निमित्त तँइले मान्छे बिगारिस् किन

प्रेमी प्रेम लुटाउछन् अनि कतै धोकाहरू पाउँछन्
कोही मर्न तयार हुन्छ बिचरो कोही त्यतै धाउँछन्
मिथ्या लोभ जगाउदै समय यो बेकार टारिस् किन
ए मोबाइल ! के निमित्त तँइले मान्छे बिगारिस् किन
औंलाको भरमा यसै घर बसी संसार घुम्छन्
कति प्रत्याकर्षणको नशालु लतमा घोप्टेर झुम्छन्
कति बच्चा वृद्ध युवा समाज बटुली लाचार पारिस् किन
ए मोबाइल ! के निमित्त तँइले मान्छे बिगारिस् किन

*(टाछिलेट्, म्यान्मा)*

# शुरू शुरूमा



– **मोहनराज खनाल**

हौसला बढाउँछ अनि पछार्छ
समयको खेलमैदानमा
उडाउँदै उडाउँदै पछार्दछ
उठ्नदिन्न, उठिसक्दा लतारेर
घिसार्नुसम्म घिसार्छ
हिनामिना पारिदिन्छ
सुटुक्क सुटुक्क चियाइरहन्छ
मौका छोपी रूवाउनुसम्म रूवाउछ
हाँस्नहुन्न, हाँसिसक्दा बसाल्छ
अत्तोपत्तो लाग्दैन
समयको खेल कहाँसम्मको
म नयाँ बन्न खोज्छु
ऊ पुरानै विगतमा
लछारपछार गराउँछ
नयाँ बन्न नदिने योजनामा
ऊ छ मन थाकिसकेको अवस्था
विह्वल पार्नबाहेक उसले
अरू जान्दैन बिजोग पारिदिन्छ
समयको प्रतीक्षा भन्दै डर
देखाउनेहरूको लामभित्र अड्किनु पर्ने
आफू त अरूको इशारामा पो हिंड्नुपर्ने रहेछ
अरूकै इशारामा नाच्नुपर्ने रहेछ
अरूकै भनाइमा लाग्नुपर्ने रहेछ
अरूकै गराइमा मान्नुपर्ने रहेछ
अरूकै समयमा जाग्नुपर्ने रहेछ
सिङ्गो आफू त अर्कैको रहेछ
आफूभित्रको स्वतन्त्रतामा पनि
हस्तक्षेप हुँदो-रहेछ
समयको फल प्रतिफल
अर्कैका लागि रहेछ
अरूकै जीवनमा
हाउभाउ गर्नुपरेको रहेछ
यावत् अरू अरूकै ठेकेदार जस्तै
के सजाउनु छ र अबको समयमा
उसले हाँस्न लगाए हाँस्ने जीवन
उसले नाच्न लगाए नाच्ने जीवन

उसले मास्न लगाए मासिने जीवन
उसले मात्न लगाए मात्ने जीवन
उसले नाश गरे नाशिने जीवन
उसकै लगानीमा चल्नुपर्ने
उसकै भनाइमा बस्नुपर्ने
ठूलै महलमा बसे पनि
आखिर एकमान्छे जति ठाउँमा अडिनु पर्ने
विचारमा विचार गर्दा
विकास हराएको हरायै छ
विकास खतरनाक झाडीमा छ
विनाश वरिपरि घुमिरहेको छ
विलास प्रशस्त भए पनि
मृगतृष्णा छ
समयको चक्र घुमेको घुमै
उसकै मतमा डुलेको डुलै
उसकै छलमा डुबेको डुबै
उसकै वशमा झुलेको झुलै
उसकै नशाको मातमा मातिरहेको छ
जीवन चक्रव्यूहभित्र छ ।
झुक्याएर दुःख दिने पनि ऊ
मुक्याएर पछार्ने पनि ऊ
सुरू सुरूमा हौसला बढाउँछ
अनि लछार पछार पार्छ ।

*(बर्मेलीराज याँगौं, म्यान्मा)*

# मन



– **रामप्रसाद अर्याल**

ठूलो विवेक भरिलो बल वुद्धि हाम्रो
सेतो कपास सरिको अझ सोच राम्रो
के जन्मको सुलभ हो कुन धर्म जानी
कल्याण खोज्नु कसरी भर जिन्दगानी ।
प्यारो गरेर मनले लिइ चित्त साथी
फुर्क्याउँदै रहरका अझ तान्छ माथि
छेकी भला नयनमा पर सम्म तान्ने
बेहोसमा विहकमा खुब हुन्छ जान्ने ।
तीता कुरा मन परे त रमे र खाने
पाए मिठो मुख उही नुन माग्न जाने
सौन्दर्यका चयनमा भरिपूर्ण तान्छ
यस्तो रूखो मन अझै कुन स्वर्ग जान्छ ।
सोचे भयो सब कुरा रति कष्ट छैन
गाह्रो र दुःख नहुने भर यन्त्र चैन
घट्दैन है मन अझै अभिमान बुन्छ
बढ्दैछ मोडल नयाँ किन शान्त हुन्छ ।

*(याँगौं, म्यान्मा)*

# म नेपाली हो !



– लक्ष्मण न्यौपाने

हो ! म नेपाली बस् नेपाली !
नेपालको भूमिमा जन्मने
भाग्य मसँग नभए पनि
नेपालको नागरिकता मसँग नभए पनि
मलाई नेपाली होइन कसैले भन्न मिल्दैन
मलाई चाहे गैरआवासीय नेपाली भन
या त डायास्फोरिक नेपाली भन
या नेपाली भाषी विदेशी नेपाली भन
जुनसुकै विशेषण लगाऊ म नेपाली हो !
म अंश माग्न नेपाली बनेको होइन
अधिकार माग्न नेपाली बनेको होइन
मेरा पूर्खाको देनले म नेपाली भएको हो !
अंश माग्ने नै हो भने म यति मात्र भन्छु
नेपाली भाषा तिम्रो मात्र होइन
हाम्रो पनि हो !
दशैं तिहार लोत्सार र चाडपर्व
तिम्रो मात्र होइन हाम्रो पनि हो
नेपाली रितिथिति नेपाली परम्परा
तिम्रो मात्र होइन हाम्रो पनि हो
आदिकवि भानुभक्त्त आचार्य
तिम्रा मात्र नभएर हाम्रा पनि हुन्
लोक गीतको लय हाम्रो पनि हो
नौमती सारंगी मुर्चुङ्गा मादल नरसिङ्गा
तिम्रो मात्र होइन हाम्रो पनि हो
नेपाली गुन्द्रुक मस्यौरा हाम्रो पनि हो
नेपाली भेषभूषा  हाम्रो पनि हो
महाकवि देवकोटा, नारायण गोपाल
साहित्यकार र कलाकार
तिम्रा मात्र होइनन् हाम्रा पनि हुन् !
गाउँखाने कथामा गाउँ मागेझैं
माग्न मिल्ने भए म यो धर्तीको अर्कै कुनामा
जन्मेको नेपालीले यही भन्छु कि !

नेपालको सेरोफेरोनेपाली नागरिकहरूको हो
तर, त्यहाँको भाषा र संस्कृति सबै मेरो
देश बेच्ने नेताहरू सबै सबै तिम्रो
त्यहाँका कवि लेखक र कलाकार सबै मेरो
देशको भूमि नदी, खोला र सिङ्गै हिमाल तिम्रो
नेपाली राष्ट्रियता तिम्रो, नेपाली अस्तित्व मेरो
म जहाँ भए पनि नेपाली संस्कृति मेरो
आनेकाने यत्ति पनि नजान्ने भन त '
नेपाली को हो ? 'को हो ?'
नेपाली को हो ?? को हो ???
नेपाली रगत र मुटु भएको म '..
हो ! नेपाली र्सस्कृतिको अनुयायी
नेपाल मेरा पुर्खाहरूले बनाएको देश
पनि मेरो छातीभरि नेपालै नेपाल छ
यसर्थ, म पनि नेपाली हो
र म नै नेपाली नै हुन चाहन्छु

*(याँगौं, म्यान्मा)*

# बिथोलिएको युग



**– वन्दना गौतम**

वेग र आवेगकाहोडहरू छन्
एकापट्टियुद्धको कोलाहल
अर्कातिर,आकाशबाट अनायास
आपत्तिको कहर
आगोका गोलाहरू बर्सिन्छन्
जल्दो आगोले
भतभत पोल्दै विस्तारै
गाउँ ध्वस्त बनाउँछ
धुवाँको तुवाँलोले
टम्म ढाकेको छ
एउटा गाउँ जलेको
खरानीको रास सेलाउन नपाउँदै
फेरि अर्कोतिर
अर्कै गाउँ ध्वस्त हुन्छ ।
सत्यको पक्षधरले

साँच्चै, सधैँ अन्याय
सहनुपर्ने रहेछ ।
इतिहास साक्षी छ
पाण्डवहरूको त्यो
लाक्षागृहको घटना
द्रौपदीको चीरहरण
यहाँ आफ्ना
इच्छा, आकांक्षा र रहर
सपनाले सिँचेका
स-साना झुपडी,

टाँडे घर, दुईतले घर
आस्थाको पुञ्ज
मन्दिर, गुम्बा र गिर्जाघर
सबै खोसिएका छन् ।
लुटिएको छ, नष्ट भएको छ ।
अनेकौँ पाण्डवहरूका
घर ध्वस्त भइरहेछन्
लाखौँ द्रौपदीलाई
दुशासनकै अंश भनूँ
क्रूर सेनाले अस्मिता लुट्ने
दुस्साहस गरिरहेछन् ।
अपसोस !
यहाँ भनेइतिहासमा झैँ
कृष्णको आगमन हुन सकेको छैन ।
जति पोलिन्छ सुन
उति नै खारिन्छ भनेझैँ
घरहरू जलाउँदैमा
मनहरू डढाउँदैमा
चेतनाहरू बन्दी बनाउँदैमा
हामीभित्र सल्किएको
क्रान्तिको ज्वाला
शान्त हुन्न र हुने छैन भन्ने
नारा लगाउँदै
प्रत्येक चेतनाहरू सत्यको पक्षमा
अझ ऊर्जाशील बनेर
तातो खरानीका
पदचापलेनयाँ इतिहास रच्दै
अनिविरोध प्रदर्शन गर्दै
गन्तव्य पथमा निरन्तर हिँडिरहेछन्

*(टमू, म्यान्मा)*

# आस्था



– **विष्णु पन्थी**

आस्था हो जान अटल तिमी वास गर्ने मनैमा
आस्थाले दिन्छ सहजपना दिव्य ऊर्जा तनैमा
आस्थानै हो अटल रहने नित्य श्रद्धा स्वरूप
आस्थावान् ती असल जन हुन् रंक हुन् या त भूप-१
आस्थाले मार्ग कुशल गरी लान्छ उत्थान गर्दै
आस्थामा आश्रित जनहरू बाँच्दछन् ज्ञान छर्दै
आस्था ब्रह्माण्ड जगत पिता राम कृष्णादि बुद्ध
आस्था नारायण शिव मही विश्व गर्ने विशुद्ध-२
आस्था ॐकार सहित हुने गूँज वेदान्त तत्व
आस्थामा सम्मिलित गर्रिंदा फुर्छ यसको महत्व
आस्थाले नित्य सुमति दिने साथ सँगै रहेर
आस्थाले जीवन सुखमयी पार्छ साथी बनेर-३
आस्था विस्तारित हुनगयो बाँडियो बेसहाय
हिन्दू बौद्धादि मत र कतै भिन्न छन् सम्प्रदाय
जे चाहे मान्न पनि सकिने आज आस्था भनेर ती
आस्थाले जनहित गरून् शान्तिदाता बनेर-४

*(याँगौं, म्यान्मा १२-२१ -०६*


## बजारमा नयाँ कृति

• प्रतीक्षा रिजाल, संयोजक



# भुँडीपुराण प्रकाशन बागबजार काठमाडौंद्वारा प्रकाशित एकदर्जन कृतिहरू

## जयप्रकाश नारायण जीवनी र विचार




११ अक्टोबर १९०२ मा पिता हरसु दयाल र माता फुलरानी देवीका चौथो सन्तानका रूपमा बिहारको बाबुरबानी, बलिया जिल्लामा जन्मेका जयप्रकाश नारायण भारतका समाजवादी तथा सर्वोदय नेता हुन् । 'राजनीतिमा चासो राख, राजनीति जनजीवनको अभिन्न अङ्ग हो, त्यसबाट विमुख हुनुहुँदैन । तर राजनीतिक दलको दलदलमा भने नफस्नु ।' यस्तो विचारका पक्षधर नारायण जनताका सच्चा नेता हुन् । आम नेपाली पाठकका निम्ति अत्यन्तै उपयोगी पुस्तक लेखेर पढ्ने अवसर प्रदान गर्नु भएकामा प्रा. डा. राजेश गौतम धन्यवादका पात्र हुनुहुन्छ ।

## नेपाल-भारत व्यापार पावहन सम्बन्ध र नाकाबन्दी




नेपाल र भारत छिमेकी मुलुक हुन् । भारत हाम्रो शक्तिशाली छिमेकी राष्ट्र हो । इतिहासको कुनै काल खण्डमा भारत एकल देश नभएर विभिन्न देशहरूको सामुहिक नाम भारतवर्ष थियो । हामी पनि यही नामभित्र अटाउँथ्यौं । दक्षिण एसियाका अहिले स्वतन्त्र भएका देशका कतिपय भूभाग पनि भारत वर्षकै अभिन्न अङ्ग थिए । अङ्ग्रेजहरूको अधीनमा रहँदा इण्डिया भनिने यो देश उनीहरूको अधीनबाट मुक्त भएपछि भारत बनेको हो । यस पुस्तकमा नेपाल-भारत व्यापार पारवहन सम्बन्ध र नाकाबन्दीका कुरा छन् तर भारतले समय समयमा लगाएका सबै नाकाबन्दीका विषयचाहिँ छैनन् । तथापि पुस्तक पठनीय नै छ । यति जानकारी मूलक पुस्तक पाठक माझ पस्कनु भएकामा लेखक डा. नीलप्रसाद पन्त बधाईका पात्र हुनुहुन्छ ।

## कसरी बालबालिकालाई असल बनाउने





आजका बालबालिका भविष्यका देशका खम्बा हुन् । भविष्यमा देशको सम्पूर्ण जिम्मेवारी उनीहरूका काँधमा जान्छ । यसकारण उनीहरूलाई आजैदेखि देशप्रति सजग, सचेत, जिम्मेवार, नैतिकवान र कर्तव्यपरायण बनाउन उचित शिक्षादीक्षा दिएर अघि बढाउनु आवश्यक छ । समयमै काम नगरे उनीहरूबाट त्यो अपेक्षा गर्न सकिँदैन । यो पुस्तकले ती विषयमा प्रश्न उठाएर बालबालिकाप्रति अभिभावकदेखि देशका जिम्मेवार व्यक्तिहरू सदैव सचेत र सजग रहनुपर्ने कुरामा जोड दिएको छ । आजका बालबालिकाका निम्ति यो सान्दर्भिक कुरा हो । नेपाली समाजलाई यति राम्रो पुस्तक दिएर भोलिको लागि आजै काम थालनी गर्नुपर्ने कुरातर्फ सजग गराएकामा सर्जक हेमराज भूसाल बधाईका पात्र हुनुहुन्छ ।

## विश्वप्रसिद्ध व्यक्तिका सफलताका कथाहरू




सफलता सबै मानिसका निम्ति उत्तिकै प्रिय कुरा हुन् । सफलताको विपक्षमा कोही हुँदैनन् अर्थात् सबै पक्षमा हुन्छन् । तथापि पक्षमा हुने बित्तिकै सफलता हात लागिहाल्छ भन्ने कुरा हुँदैन । यसका लागि चाहना गर्नेहरूको लगन, परिश्रम, मेहनत र कामप्रतिको विश्वासको ठुलो महत्त्व रहन्छ । संसारका कुनै पनि क्षेत्रमा सफल हुने भनेकै परिश्रम गर्नेहरू हुन् । त्यो नगर्नेहरू सफल हुन सक्दैनन्, यथार्थ नै यही हो । यस पुस्तकमा विश्वप्रसिद्ध १०० व्यक्तिका सफलताका कथा छन् । उनीहरूले के के गरेपछि सफल भए यो कुरा पुस्तकमा समेटिएका छन् । मेहनत साथ विश्वप्रसिद्ध व्यक्तिका सफलताका कथा समेटेर पुस्तक तयार पार्ने दिपेन्द्र शाह बधाईका पात्र हुनुहुन्छ ।

## व्यक्तित्व विकास कसरी गर्ने?




हामीहरू आआफ्नो व्यक्तितत्व विकास गर्न चाहन्छौं । तर, कसरी गर्ने? यो कुराप्रति त्यति सचेत छैनौं । चाहना राखेर मात्र पूरा हुँदैन, त्यसका लागि परिश्रम गर्नुपर्छ । परिश्रम गर्नेहरू सफल भएकै छन् । गर्न खोजेको काम मन वचन र कर्मले काम गरे सफलता टाढाको कुरा पनि होइन । हामी अपेक्षा राख्छौं तर कर्म गर्दैनौं यसर्थ हाम्रा चाहना पूरा नभएका हुन् । व्यक्तित्व विकासका लागि निश्चित आधार तय गर्नुपर्छ । यो पुस्तकमा व्यक्ति विकासका लागि ३७ कुरामा सजग र सचेत रहन सङ्केत गरिएको छ । सबैथोक सबैका लागि आवश्यक नहुन पनि सक्छन् तथापि पुस्तकले समेटेका विषय व्यक्तित्व विकासका लागि आवश्यक तत्व हुन् । मूल लेखक राकेशनाथ रहेका यो पुस्तकका अनुवादक दिपेन्द्र शाह हुन् । यति राम्रो पुस्तक तयार पार्नु भएकामा दिपेन्द्र शाहलाई धन्यवादका पात्र हुनुहुन्छ ।

## नेपाली काङ्ग्रेसको इतिहास




नेपाली काङ्ग्रेस नेपालको एउटा प्रमुख राजनीतिक दल हो । नेपालमा समय समयमा भएका विभिन्न राजनीतिक घटनाक्रम तथा परिवर्तनमा यसको आफ्नै किसिमको भूमिका छ । यो पुस्तक सोही दलको सेरोफेरोमा अडिएर लेखिएको हो । दलको स्थापनादेखि समय समयमा यसले गरेका विभिन्न कामहरूको विवरणलाई पुस्तकभित्र समेटिएको छ । इतिहासको मुख्य काम विगत र वर्तमानको सीमा कोरेर भविष्य बुझ्न लगाउनु हो । इतिहास आत्मसात गर्नेहरूको जीवन अझ सहज र सरल हुने सम्भावना हुन्छ । विशिष्ट विद्वान डा. सूर्यमणि अधिकारीले लेख्नु भएको यो पुस्तक नेपालको राजनैतिक इतिहासको महत्वपूर्ण कडी हो । यति राम्रो पुस्तक तयार पार्नु भएकामा लेखक अधिकारी धन्यवादका पात्र हुनुहुन्छ ।

## मार्क्सवादी दर्शन





मोहन वैद्य 'किरण' नेपाली राजनीतिका विशिष्ट पात्र हुन् । उनले लेखेको 'मार्क्सवादी दर्शन' नामक पुस्तक बजारमा उपलब्ध छ । सात भागमा बाँडिएको यस पुस्तकको भाग एकमा दर्शाशास्त्र : प्रारम्भिक अध्ययन, भाग दुईमा द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त, भाग तीनमा द्वन्द्वात्मक भौतिकवादको पद्धति, भाग चारमा द्वन्द्वात्मक भौतिकवादको ज्ञान सिद्धान्त, भाग पाँचमा ऐतिहासिक भौतिकवाद, भाग छ मा साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा दर्शन तथा भाग सातमा मार्क्सवादी दर्शन : एक निष्कर्ष रहेको छ । हामी बाँचेको आजको संसारमा धेरै प्रकारका दर्शन प्रचलनमा छन् । ती दर्शन मानिसका बाँच्ने एउटा मुख्य आधार हुन् । कृति पठनीय छ । नेपाली साहित्यमा यति राम्रो कृति उपलब्ध गराउनु भएकामा मोहन वैद्य 'किरण' धन्वादका पात्र हुनुहुन्छ ।

## मार्क्सवाद र एनजीओ





हुकुमबहादुर सिहंले लेख्नु भएको मार्क्सवाद र एनजीओ कृति बजारमा उपलब्ध छ । यसले नेपालमा एनजीओ कसरी आए र के के गरे त्यो कुरा स्पष्टताका साथ देखाउन खोजेको छ । सात भागमा विभाजित यस पुस्तकको खण्ड एकमा मार्क्स र मार्क्सवाद, खण्ड दुईमा लेनिन र लेनिनवाद, खण्ड तीनमा माओ र माओवाद, खण्ड चारमा नेपाली कम्युनिष्ट आन्दोलन, खण्ड पाँचमा नेपालको राष्ट्रियता र सार्वभौमिकताको प्रश्न, खण्ड छ मा मार्क्सवाद र संसद तथा खण्ड सातमा मार्क्सवाद र एनजीओ मूल शीर्षकका रूपमा छन् । पुस्तकले मार्क्सवादको विविध पक्षदेखि नेपालको वर्तमान सम्मका विषयवस्तुलाई औंल्याएको छ । मार्क्सवादको विपक्षमा एनजीओहरू कसरी प्रस्तुत हुन्छन् त्यो पनि देखाइएको छ । यति राम्रो जानकारी मूलक कृतिका लागि लेखक सिंह धन्यवादका पात्र हुनुहुन्छ ।

## नौ डाँडापारि





यो पुस्तक विष्णु एस राईद्वारा लिखित यात्रा निबन्ध सङ्ग्रह हो । यस कृतिभित्र बेलायतका बाछिटा, दिल्ली दर्शन, बैङ्ककमा बरालिँदा, भियतनाम : अपराजित इच्छाशक्तिको देश, सिमला यात्रा, जर्मनीको जागीर, कुन्मिङ कथा, फिनल्याण्डलाई फर्केर हेर्दा, स्वीट्जरल्यान्डको सम्झना, भियनामा तीन महिना, सिङ्गापुरलाई सम्झिँदा, ज्वालामुखीको देश इन्डोनेसिया तथा सिलगुडी, गुहाटी तेजपुर गरी १३ निबन्ध छन् । यी यात्रा निबन्धमा तत् स्थानहरूका अत्यन्तै सुन्दर वर्णन छन् । आफू पुगेका ठाउँमा लेखकले के कस्तो देखे, कसरी देखे, ती कुराले मनमा के कस्ता भाव जन्मे  ती कुरा निबन्धहरूमा अत्यन्तै मिठास शैलीमा अभिव्यक्त भएका छन् । नेपाली साहित्यमा यति राम्रो कृति लिएर देखापर्नु  भएका राई धन्यवादका पात्र हुनुहुन्छ ।

## सिम्रौनगढको इतिहास




सिम्रौनगढ नेपाल र नेपालीको मन मस्तिष्कमा हिजोदेखि आजसम्म स्थायी रूपमा बसिरहेको सदाबहार नाम हो । नेपालीको मात्र नभएर खोज अनुसन्धान क्षेत्रमा लागिरहेका धेरै धेरैका आँखामा यो नाम अमिट रूपमा छ । वर्तमानमा बारा जिल्लाका १६ स्थानीय निकायहरूमध्येको एउटा निकायका रूपमा रहेको यो नाम कुनै कालखण्डमा स्वतन्त्र राज्य थियो । पछि यो राज्य छिन्नभिन्न भयो । सिम्रौनगढको सांस्कृतिक वैभव अत्यन्तै फराकिलो छ । धेरैभन्दा धेरै लाई यो नामले निरन्तर तानिरहेको छ । खोज अनुसन्धानको क्रम पनि जारी छ । सोही जिल्ला निवासी विजयकिशोर पाण्डेयले सिम्रौनगढका बारेमा लेख्नु भएको यो पुस्तक अत्यन्तै पठनीय छ । यति राम्रो पुस्तक तयार पार्नु भएकामा पाण्डेय धन्यवादका पात्र हुनुहुन्छ ।

## नेपालको भूगोल




हामी नेपाली हौँ, नेपालीका नाताले नेपालको भलो चिताउनु वा उन्नति प्रगतिका निम्ति चिन्तन मनन गर्नु र देशका बारेमा धेरैभन्दा धेरै जान्नु बुझ्नु नैतिक दायित्व नै हो । एउटै व्यक्तिले आफैँ खोजेर यति धेरै जान्न बुझ्न कठिन छ । एकल प्रयासले त्यति धेरै ज्ञान बटुल्न नसके पनि बुझ्न सघाउने पुस्तकहरू हिजोआज उपलब्ध हुन थालेका छन् । बजारमा उपलब्ध विभिन्न पुस्तकहरूमध्ये 'नेपालको भूगोल' नेपालबारे जान्न बुझ्न खोज्नेहरूका लागि अत्यन्तै सहयोगी पुस्तक हो । यसले देशको भौगोलिक अवस्थिति मात्र नभएर समग्र पक्षबारे आँखामा एउटा सशक्त चित्र उपस्थित गराउँछ । नेपाल जान्न र बुझ्न यति उपयोगी पुस्तक तयार पार्नु भएकामा लेखक डा. गोपीकृष्ण पाण्डे धन्यवादका पात्र हुनुहुन्छ ।

## रावणायन




यो कृति खनाल रेवतीरमणले तयार पार्नु भएको हो । रामायणलाई आधार मानेर पढ्दा र बुझ्दा रावण खलपात्र रहेको बुझिन्छ । तर, यस कृतिका सर्जक खनाल त्यो कुरा मान्न तयार हुनुहुन्न । उहाँले रावणलाई निर्दोष देखाउन विभिन्न तर्क प्रस्तुत गर्नु भएको छ । यसो त इतिहास नेपालमा मात्र नभएर संसारभर बलियाकै नाममा लेखिन्छ वा लेखाइन्छ । निर्बलियाका नाममा इतिहास लेखिँदैनन् । विविध कारणले शक्तिशाली र आदर्श समाजको हितमा काम गर्नेहरू पछि परेका वा पारिएका कुरामा लेखकको विश्वास छ । रावण आजको लोकले मानेजस्तो खलनायक नभएर नायक रहेको खनालको ठहर छ । यसको निर्क्योल समयले गर्ला यति मात्र भनौँ । नेपाली साहित्यमा यति राम्रो कृति तयार पार्नु भएकामा सर्जक खनाल धन्यवादका पात्र हुनुहुन्छ ।

## अतिथि सम्पादकको कलमबाट



● शरद प्रधान

# साहित्यलाई भूगोलभित्र बाँधेर नराखौँ

नवप्रज्ञापन साहित्यिक पत्रिकामार्फत् नेपाल बाहिरका नेपाली कविता दोस्रो भाग प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ । पहिलो भागको संयोजन पनि मैले नै गरेको थिएँ । पहिलो भागमा भारतीय नेपाली कविताहरू मात्र थिए तर यस पटक म्यान्मा र थाइल्याण्डमा स्थायी बसोबास गरिरहनु भएका नेपाली भाषी कविहरू पनि समावेश गरिएको छ । भूगोलको हिसाबले उहाँहरू नेपाली हुनुहुन्न तर उहाँहरूको नेपाल र नेपाली भाषा साहित्यप्रतिको माया अत्यन्तै प्रगाढ छ । यहाँ समेटिएका कविताहरू त्यसका सशक्त उदाहरण हुन् ।

यस अङ्कमा नेपाली साहित्यमा कमै नाम सुनिएका भाक्सु भारतका कवि बहादुरसिंह बरालको कविता पनि समेटिएको छ । उहाँ प्रसिद्ध गीतकार तथा गायक मित्रसेन थापाका समकालिन हुनुहुन्थ्यो । सन् तीसको दशकदेखि गीत र कविता लेखनमा सक्रिय उहाँको गीत-कविताको सङ्ग्रह 'बरालको आँशु' कृति प्रकाशित छ । यसलाई साझा प्रकाशनले प्रकाशित गरेको थियो । नवप्रज्ञापनको यस अंङ्कमा चार पुस्ताका कविका कविता संङ्कलित छन् । पुराना पुस्ताका बहादुरसिंह बराल, हरिप्रसाद गोर्खा राई, सावित्री सिंह, नरबहादुर दाहाल देखि नयाँ पुस्ताका अमरकृति राई र अजित वियोगीसम्मले यहाँ स्थान पाएका छन् । प्रतिनिधिमूलक होस् भन्ने अभिप्राय रहे पनि विभिन्न कारणले सोचे जस्तो समावेशी चाहिँ हुनसकेन ।


भारतमा नेपाली बसोबास गर्ने सबै ठाँउहरूबाट कविता परोस् भन्ने अभीष्ट थियो र त्यही अनुरूप प्रयास पनि गरिएको हो तर सफलता चाहिँ पूर्ण नभएर आशिंक मात्र प्राप्त हुन सक्यो । आगामी अङ्कहरूमा पुनः प्रयास गर्ने छौं । यस अङ्कमा पुराना महिला कविहरूको उपस्थिति बलियो छ । सावित्री सुन्दासको कविता सानुमति राईद्वारा सम्पादित तथा सन् १९५४मा प्रकाशित नवप्रभातबाट र नरबहादुर दाहालको पतझड कविता केदारमान व्यथितद्वारा सम्पादित हिमानी (वि.सं. २०२१)बाट लिइएको हो । यो अङ्कले भारतीय नेपाली कविताको पुस्तान्तरणलाई बुझ्न सहज हुनेछ भन्ने मेरो विश्वास

छ । सन् पचासको दशकमा नारी लेखन नेपालमा भन्दा दार्जीलिङ्मा निक्कै सशक्त थियो । यसको प्रमाण सावित्री सुन्दास र लक्खीदेवी सुन्दसको कविता हुन् । तर आज त्यही गतिमा नारी कविता लेखन अगाडि बढ्न सकिरहेको छैन ।

यो सानो प्रयासले पनि भारतीय, बर्मेली र थाइल्याण्डको नेपाली कविता अवलोकन/मनन गर्न सजिलो हुनेछ भन्ने मेरो अभीष्ट छ । भुगोलको दृष्टिले नेपालबाट टाढा रहे पनि म्यान्मामा नेपाली भाषा, साहित्य र संस्कृति जीवित छ त्यसको ज्वलन्त प्रमाण यहाँ सङ्गृहीत कविता हुन् । म्यान्माको नेपाली साहित्य बारेमा हामीलाई कमै जानकारी छ । नेपालका पत्र-पत्रिकाले उहाँहरूलाई प्रोहोत्सान दिनु अत्यन्तै जरूरी छ। नेपाली साहित्यलाई भौगलिक सिमामा बाँधेर राख्न हुन्न तर डायस्पोराको नाममा जथाभावी पुस्तक प्रकाशित गरेर साहित्यलाई विभाजन नगरौँ म सबैसँग विशेष आग्रह र अनुरोध गर्न चाहन्छु । डेढ दुई दशक अगाडि युरोप र अमेरिका पुगेर साहित्य सृजना गर्नेहरू नेपाली साहित्यका एउटा अंङ्ग त हुन् तर ती डायस्पोरिक साहित्य होइनन् । सक्कली डायस्पोरा म्यान्मा (वर्मा) आज बहिष्कृत र तिरस्कृत छ । पैसा र पावरका भरमा जोसुकैलाई डायस्पोरा बनाउने खेल समाप्त गर्नुपर्छ । भविष्यमा भुटानभित्र र बाहिर बसेका नेपाली कविहरूलाई पनि समावेश गर्ने प्रयास गरिने छ ।

यहाँ स्थानीय बोलचालका भाषामा लेखिएका कवितालाई जस्ताकोतस्तै राखिएको छ । यसो गर्दा कवितामा स्थानीयताको रङ्ग र गन्ध कायम रहने मेरो विश्वास छ । पुराना कविताहरूका पनि खासै भाषा सम्पादन गरिएको छैन । नेपाली भाषाको पुरानो रूपलाई यस्ले परिचित गराउन अवश्य पनि सहयोग गर्ने छ ।

म अन्त्यमा आइपुगेको छु । यो अवसरमा सर्वप्रथम म्यान्मा र थाइल्याण्डमा समन्वय गरि कविता उपलब्ध गराईदिनु भएकोमा तैँ तैँ धितालतलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसैगरी भारतका विभिन्न भागहरूबाट कविता उपलब्ध गराइदिने कविहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु । धन्यवादका अर्का सशक्त हकदार नवप्रज्ञापनका सम्पादक/प्रकाशक नवराज रिजाल हुनुहुन्छ । पुस्तौपुस्ता अघिदेखि पितृभूमि नेपालको भूगोलभन्दा टाढा बसिरहेका नेपालीहरूको नेपाल देश, नेपाली भाषा र नेपाली जातिप्रति कस्तो दृष्टिकोण छ बुझौँ न शरद सर, भन्ने उहाँको विचारसँग सहमत भएर मैले यो कार्यमा हात हालेको हुँ । यसैगरी हाम्रो यो कार्यलाई प्रत्यक्ष र परोक्षरूपमा समन्वयकारी भूमिका खेल्ने साहित्यकार भाइ बद्रीप्रसाद ढकालप्रति समेत् हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छ ।



# दक्षिणकाली नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय, फर्पिङ, काठमाडौँ**

## सम्पूर्ण नगरवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै नगरपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौं ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

# कृषक वर्गहरूलाई खुशीको खबर

कृषि सामग्री कम्पनी लिमिटेडले आयात गरेको उच्च गुणस्तरको रासायनिक मलखाद (यूरिया, डि.ए.पी. र पोटास), कृषि चून तथा उन्नत बीउ बिजन यस कम्पनीका जिल्लास्थित कार्यालयहरूबाट धमाधम बिक्री वितरण भइरहेको हुँदा उक्त मल तथा बीउ बिजन प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं ।




**कृषि सामग्री कम्पनी लिमिटेड**

Krishi Samagri Company Ltd.

**प्रधान कार्यालय, कुलेश्वर, काठमाडौँ**

**फो. नं. ०१–५३७९७१७**



सिन्धुपाल्चोक जिल्लामा निर्माणाधीन जिल्लाकै सबैभन्दा ठूलो मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माण कार्यमा सम्बन्धित सबै पक्षले आ-आफ्नो स्थानबाट आवश्यक सहयोग पुऱ्याई ऊर्जासंकट समाधानको राष्ट्रिय अभियानमा सहभागी भइदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

**मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.**
फोन ०१-४७२१६४१, ०१-४७२१६४२
महाराजगञ्ज, काठमाण्डौं ।
वेबसाइट www.mbjcl.com.np







गर्मी तथा वर्षायामसँगै फैलने

**झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुबाट बच्न**

**पानी उमालेर वा क्लोरिन प्रयोग गरी**

शुद्धिकरण गरेर मात्र प्रयोग गरौं ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र



# नागार्जुन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय, हरिसिद्धि, सीतापाइला, काठमाडौँ**

## सम्पूर्ण नगरवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं–सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै नगरपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा–पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौं ।
- बाटो, नाला, चोक, गल्ली जतातत‍ै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

# मोबाईलको लतबाट बालबालिकालाई बचाऔं

मोबाईलको लतबाट :

- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटक–पटक ब्युझने समस्या हुनसक्छ,
- मोबाईल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणाली सम्बन्धी समस्या आउन सक्छ,
- मोबाईलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्ने लगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाईल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुन सक्छ,
- मोबाईलले बालबालिकाको मस्तिष्क विकासमा असर पुर्‍याउन सक्छ ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# ठोरी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय, घ्याङ्डाँडा, पर्सा

## सम्पूर्ण गाउँवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै गाउँपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौं ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

# पर्सागढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय हरपुर, पर्सा

## सम्पूर्ण नगरवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै नगरपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौं ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

# जीतपुर–सिमरा उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, जीतपुर, बारा

# नगरवासी महानुभावहरुमा अनुरोध

- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सडक र नालीमा थुप्रिएको फोहोरबाट दुर्गन्ध फैलिएकोले जहाँ तहीँ फोहोर नफालौं । आफ्नो घर अगाडिको नाला आफैले सफा गरौं ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- सरल र सर्वसुलभ रूपमा उपलब्ध हुने सिमेन्टका बोरा प्रयोगमा ल्याएर फोहोर संकलन गर्ने वस्तुको उपयोग गरी बिना लगानी सरसफाईको व्यवस्थापन गरौं ।
- बजारबाट सामान ल्याएका प्लास्टिकका झोला घरभित्रै संकलन गरी राख्ने बानी बसाली केही दिनपछि त्यस्ता संकलित झोला पसलमा नै फिर्ता गर्ने बानी बसालौं । अन्य प्लास्टिकजन्य वस्तुहरू (चाउचाउको खोल, प्याकिङ आदि) घर कम्पाण्डभित्रै बोरामा संकलन गरी नगरपालिकाबाट आएको फोहोर संकलन कर्तालाई दिने बानी बसालौं ।
- वनको संरक्षण गरौं । खाली पर्ति जमीनमा वृक्षा । रोपण गरौं । वनसँग जीवनको सम्बन्ध भएकाले जीवन बाँच्ने आधार खोजौं । प्राकृतिक जडिबुटीहरूको संरक्षण गरौं । जथाभावी रूपमा रूख नकाटौं । मानिस र वनको एकआपसमा सम्बन्ध हुने भएकाले यसलाई आफ्नो जीवनजत्तिकै माया गरौं । आफू मात्र बाँच्ने हैन सन्ततीलाई पनि बाँच्ने आधार दिउँ ।
- हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरू देशका राष्ट्रिय पहिचान हुन् । यस्ता कुराहरूको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो । राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवं सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्बर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो ।
- देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।
- यसरी घरबाट निस्कने ८० प्रतिशत फोहोर घरभित्रै व्यवस्थापन हुने हुँदा कुचिकार, ट्याक्टर, डम्पिङ साइटको बचत, इन्धन खर्चमा बचत भई बचत भएको रकम विकास निर्माणमा लगाई नगरको विकासमा टेवा दिऔं ।
- देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो ।